का.जि.प्र.का.द.नं. १००/०५९/६०

२२ भदौ २०८०,
शुक्रबार
8 September 2023,
Friday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ई-पेपर हेर्नु

वर्ष २१, अंक २२५ । पृष्ठ १० | Madhyanha National Daily | www.madhyanhadaily.com



# कोशीमा राजनीतिक कोर्स करेक्सन



अदालतको ब्याख्या र आदेशको अवज्ञा गरेर संविधान मिच्ने काम भएको थियो । यसको कोर्स करेक्सन भएको छ । परमादेशको फैसला स्वभाविक र संवैधानिक छ । यसले दीर्घकालीन रुपमा सबैका लागि बाटो प्रष्ट गरिदिएको छ ।

■ **टिकाराम भट्टराई**
संविधानविद

**दिवाकर अधिकारी / मध्यान्ह**
काठमाडौं, २१ भदौ ।

कोशी प्रदेशका मुख्यमन्त्री उद्धव थापा पदमुक्त भएका छन् । साथै, प्रदेशसभाको सबभन्दा ठूलो दल नेकपा एमालेका संसदीय दलका नेता हिक्मतकुमार कार्कीलाई ४८ घण्टाभित्र नयाँ मुख्यमन्त्री नियुक्त गर्न सर्वोच्च अदालतले परमादेश जारी गरेको छ।

१६ साउनमा मुख्यमन्त्री नियुक्त भएका थापाले प्रदेशसभा बैठकको अध्यक्षता गरेका इस्राइल अन्सारीलाई मतदान गर्न लगाएर ४ भदौमा प्रदेशसभाबाट विश्वासको मत लिएका थिए ।

त्यसविरुद्ध एमाले संसदीय दलका नेता कार्की सार्वोच्च गएका थिए । त्यही मुद्दामा न्यायाधीशहरु सपना प्रधान मल्ल, डा. कुमार चुडाल र नहकुल सुवेदीको पूर्ण इजलासले सभाको अध्यक्षता गरेका व्यक्तिले दिएको मतलाई संविधानसम्मत भन्न नमिल्ने ठहर गरेको हो ।

विश्वासको मत बदर गर्दै इजलासले मुख्यमन्त्री थापालाई पदमुक्त गर्‍यो र कार्कीले मागे अनुसार नै मुख्यमन्त्री नियुक्तिका लागि परमादेश दियो ।

'यस भन्दा अगाडि नै अध्यक्षता गर्ने







व्यक्तिले मत दिन पाउँदैन भन्ने ब्याख्या र आदेश भएको थियो । त्यसको अवज्ञा गरेर संविधान मिच्ने काम भएको थियो । यसको कोर्स करेक्सन भएको छ' संविधानविद टिकाराम भट्टराई भन्छन्, 'परमादेशको फैसला स्वभाविक र संवैधानिक छ । यसले दिर्घकालीन रुपमा सबैका लागि बाटो प्रष्ट गरिदिएको छ ।' उनका अनुसार अब यो नजिर प्रदेश र संघका हकमा समेत लागू हुनेछ ।

> प्रदेश सभाको सबभन्दा ठूलो दल नेकपा एमालेका संसदीय दलका नेता हिक्मतकुमार कार्कीलाई ४८ घण्टाभित्र नयाँ मुरव्यमन्त्री नियुक्त गर्न सर्वोच्च अदालतले परमादेश जारी गरेको छ ।

सत्तारुढ दलहरुले बहुमत देखाउन नसक्ने अवस्थामा खोजिनुपर्ने संवैधानिक विकल्पमा नखोजेको र संविधान मिच्ने काम गरेको अदालतको फैसलाले पुष्टि गरेको अधिवक्ता भट्टराईको टिप्पणी छ ।

अर्थात, सत्ता गठबन्धनले सभामुख बाबुराम गौतमलाई राजीनामा दिन लगाएर ४७ जनाको हस्ताक्षर जुटाएर मुख्यमन्त्री भएपछि चालेका कदमहरु असंवैधानिक थिए ।

विश्वासको मत दिने क्रममा उपसभामुख सृजना दनुवारले सहयोग गरिनन् । एमाले र राप्रपाका »» पृष्ठ २ मा

## कांग्रेससँग सहकार्य गर्ने एमालेको चाहना



अहिले राष्ट्रिय राजनीतिको माग नै कांग्रेस र एमालेबीच सहमति बन्नुपर्छ भन्ने छ । कांग्रेससँग सहकार्यमा हाम्रो जोड हुन्छ ।

● **हिक्मतकुमार कार्की**
**संसदीय दलका नेता, एमाले कोशी प्रदेश**

सर्वोच्च अदालतले कोशी प्रदेशका मुख्यमन्त्री उद्धव थापालाई पदमुक्त गरेसँगै कांग्रेससँग सहकार्य गर्ने एमाले चाहना प्रकट भएको छ ।

साथै प्रदेशसभाको सबभन्दा ठूलो दल नेकपा एमालेका संसदीय दलका नेता हिक्मतकुमार कार्कीलाई नयाँ मुख्यमन्त्री नियुक्त गर्न परमादेश दिएको छ । हिक्मत कार्की अब बन्ने सरकारलाई स्थिर बनाउने चाहना रहेको बताउँछन् ।

'विगतदेखि नै हाम्रो राजनीतिमा कतिपय विषय र विवादबारे अदालतले व्याख्या गरिदिनुपर्ने अवस्था आएको नै छ। त्यसैले अब आगामी दिनमा यस्तो नहोस् भन्नका लागि »» पृष्ठ २ मा

## कांग्रेसले फेरि सरकार बनाउन प्रयास गर्ने



यो सरकार जम्मा ३० दिनको लागि हो, हामी ३० दिनपछिको एक्सर्साइजको तयारीमा लाग्छौं ।

● **भूपेन्द्र राई**
**प्रमुख सचेतक, कांग्रेस प्रदेश संसदीय दल**

एमालेका नेता कार्कीका नाममा परमादेश जारी भएता पनि फेरि आफ्नै नेतृत्वमा सरकार बनाउन प्रयास गर्ने कांग्रेस नेताहरु बताउँछन् ।

कोशी प्रदेशका मुख्यमन्त्री उद्धव थापालाई पदमुक्त गर्ने सर्वोच्च अदालतको फैसलालाई सम्मान गर्ने नेपाली कांग्रेस प्रदेश संसदीय दलका प्रमुख सचेतक भूपेन्द्र राईले बताएका हुन् ।

सर्वोच्च अदालतले अल्पमतले बहुमतलाई शासन गर्नेगरी फैसला दिए पनि सम्मान गर्ने राईले बताए ।

'अल्पमतले बहुमतलाई शासन गर भन्ने खालको सर्वोच्चको फैसला आयो, तर त्यसलाई हामी सम्मान गर्छौं', »» पृष्ठ २ मा



## चिनियाँ राजदूतको चर्को आलोचना

प्रधानमन्त्री प्रचण्ड बेइजिङ जानुअघि एउटा सार्वजनिक कार्यक्रममा दिएको अभिव्यक्तिका कारण चिनियाँ राजदूत छेन सङ विवादमा परेका हुन् ।

**मुकुन्द लामिछाने / मध्यान्ह**
काठमाडौं, २१ भदौ ।

संघीय संसद र मिनी संसदमा नेपालका लागि चिनियाँ राजदूतले सार्वजनिक कार्यक्रममा दिएको गैरमर्यादित अभिव्यक्तिको समेत विरोध भएको छ । सांसदहरुले चिनियाँ राजदूतको व्यवहारको आलोचना गरेका छन् । बैठकमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का नेता शिशिर खनालले नेपालका लागि चीनका राजदूतले दिएको गैरकूटनीतिक अभिव्यक्तिलाई नजरअन्दाज गरियो भने त्यसले थप असहजता सिर्जना हुनसक्ने समेत बताए ।



नेपालमा धेरै मुलुकका कूटनीतिज्ञ छन् । यसमा एउटाले प्रतिक्रिया जनाउने र अर्कोले चासो व्यक्त गर्दा अप्ठ्यारो हामीलाई पर्छ ।

**माधवकुमार नेपाल**
**पूर्वप्रधानमन्त्री**



सबै राजदूत र डिप्लोम्याटिक मिसनहरूलाई परराष्ट्र मन्त्रालयले सचेत गराउन आवश्यक छ ।

**महन्थ ठाकुर**
**अध्यक्ष, लोसपा**



हाम्रो आन्तरिक मामिलामा कुनै पनि छिमेकी वा मुलुकले टिप्पणी गर्ने परम्परा बस्नै दिनुहुँदैन ।

**वर्षमान पुन**
**उपमहासचिव, माओवादी केन्द्र**

बैठकमा आम जनता पार्टीका अध्यक्ष प्रभु साहले चिनियाँ राजदूतको अभिव्यक्तिको विषयमा उनले माफी मागे माफी दिनुपर्ने र भविष्यमा नदोहोरिने सुनिश्चित गर्नुपर्नेसमेत बताए ।

प्रधानमन्त्री प्रचण्ड बेइजिङ जानुअघि एउटा सार्वजनिक कार्यक्रममा दिएको अभिव्यक्तिका कारण चिनियाँ राजदूत छेन सङ विवादमा परेका हुन् । फाउन्डेशन अफ ट्रान्स हिमालयन रिसर्च एन्ड स्टडिजले शनिबार काठमाडौंमा आयोजना गरेको 'विश्व अर्थतन्त्रमा चीन र नेपालमा »» पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## वैदेशिक रोजगारलाई व्यवस्थित गर्नुको विकल्प छैन : मन्त्री भण्डारी

**मध्यान्ह संवाददाता**
काठमाडौं, २१ भदौ

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारीले मुलुकको विद्यमान आर्थिक अवस्थाले आन्तरिक रोजगारीमा कुनै चमत्कार नहुने भन्दै तत्कालका लागि वैदेशिक रोजगारलाई व्यवस्थित गर्नुको विकल्प नभएको बताएका छन् ।

प्रतिनिधिसभाको बिहीबारको बैठकमा नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले राखेको प्रश्नको जवाफ दिँदै मन्त्री भण्डारीले वैदेशिक रोजगारमा नागरिकहरू जानुपर्ने बाध्यात्मक अवस्था दुःख र पीडादायी भएपनि तत्कालका लागि वैदेशिक रोजगारको विकल्प नभएको बताएका हुन् ।

उनले भने, 'प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत संविधानले परिकल्पना गरेको रोजगारीको हक कार्यान्वयनका लागि न्यूनतम रोजगारी उपलब्ध गराउने प्रयास भइरहेको छ । तर अहिलेको अवस्थामा मुलुकको जुन आर्थिक स्थिति छ, तत्काल कुनै चमत्कार हुने र रोजगारी सिर्जना हुने स्थिति पनि छैन ।'

वैदेशिक रोजगारलाई ठगी र शोषणमुक्त बनाइ सुरक्षित बनाउन राष्ट्रिय आप्रवासन नीति ल्याउने गृहकार्य गरी आगामी हप्ता नेपाली कामदार वैदेशिक रोजगारका लागि जाने मुलुकमा कार्यरत राजदूत र श्रम सहचारीलाई संलग्न गराएर »» पृष्ठ २ मा

### राष्ट्रिय दैनिकमा विज्ञापन प्रकाशनको प्रावधान यथावत राख्न माग

**काठमाडौं / मस** – सरकारले केही नेपाल ऐन संसोधनका लागि पेस गरेको विधेयकमा असहमति जनाउँदै वैदेशिक रोजगार व्यवसायीहरुले वैदेशिक रोजगार ऐन २०६४ मा रहेका प्रावधान यथावत राख्न माग गरेका छन् । नेपाल वैदेशिक रोजगार व्यवसायी संघसहित व्यवसायीहरुले विभिन्न दलका सांसदहरूलाई भेटेर विधेयकमा संशोधन प्रस्ताव पेस गर्न आग्रह गरेका छन् ।

संघका अध्यक्ष राजेन्द्र भण्डारीसहितको टोलीले »» पृष्ठ २ मा

## देशभर २१ जनप्रतिनिधिको पद रिक्त

गत वर्ष वैशाख ३० गते भएको स्थानीय तह निर्वाचन र मंसिर ४ गते भएको आम निर्वाचनमा निर्वाचित प्रदेशसभा सदस्य, गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, जिल्ला समन्वय समिति प्रमुख एक-एक र १७ वडाध्यक्ष पद रिक्त भएको पाइएको हो ।



*हामीले आगामी मंसिरमा उपनिर्वाचन गर्न सरकारलाई अनौपचारिक प्रस्ताव गरेका थियौं, तर सरकारले राष्ट्रियसभा सदस्यको निर्वाचनपछि मात्र उपनिर्वाचन गर्ने बताएको छ ।*

● **दिनेश थपलिया**
**प्रमुख निर्वाचन आयुक्त**

**अस्मिता बम / मध्यान्ह**
काठमाडौं, २१ भदौ ।

देशभर २१ जनप्रतिनिधिको पद रिक्त रहेको पाइएको छ । निर्वाचन आयोगका अनुसार प्रदेश र स्थानीय तह गरी विभिन्न १८ जिल्लाका २१ जनप्रतिनिधिको पद रिक्त छ।

गत वर्ष वैशाख ३० गते भएको स्थानीय तह निर्वाचन र मंसिर ४ गते भएको भएको आम निर्वाचनमा निर्वाचित प्रदेशसभा सदस्य, गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, जिल्ला समन्वय समिति प्रमुख एक-एक र १७ वडाध्यक्ष पद रिक्त भएको पाइएको हो ।

निर्वाचन आयोगका अनुसार २१ पद रिक्त पदमध्ये कांग्रेसका १२ स्थान, एमालेका ४, माओवादी ४ र स्वतन्त्र एक रहेका छन्। सात वटा प्रदेशमध्ये सबैभन्दा धेरै पद सुदूरपश्चिम प्रदेशमा रिक्त रहेका छन् ।

गत मङ्सिरमा प्रतिनिधिसभा सदस्यको रिक्त पदमा उपनिर्वाचन गत वैशाखमै गरेको सरकारले प्रदेश र स्थानीय तह रिक्त पदको उपनिर्वाचन आगामी वैशाखमा गर्ने तयारी छ।

निर्वाचन आयोगले प्रतिनिधिसभा सदस्यको तीन ठाउँमा पद खाली हुँदा गत वैशाख १० मा उपनिर्वाचन भइसकेको छ । चितवन-२, बारा-२ र तनहुँ-१ प्रतिनिधिसभा सदस्यको पद रिक्त भएपछि निर्वाचन आयोगले गत वैशाख १० मा उपनिर्वाचन गरेको थियो। गत वर्ष मङ्सिरमा सम्पन्न »» पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
२२ भदौ २०८०, शुक्रबार
8 September 2023, Friday

# निमोनियाबाट वडाध्यक्ष रिजालको निधन



**काठमाडौं/मस-** काठमाडौं महानगरपालिका-१६ का वडाध्यक्ष मुकुन्द रिजालको निधन भएको छ । उनको निमोनियाका कारण बिहीबार बिहान निधन भएको हो । वडाध्यक्ष रिजाललाई उपचारका लागि यही भदौ १७ गते ग्राण्डी अन्तर्राष्ट्रिय अस्पताल भर्ना गरिएको थियो । अस्पतालको सघन उपचार कक्षमा उपचार गराइरहेका उनको दुवै फोक्सोमा सिभियर निमोनिया (भाइरल निमोनिया) का कारण बिहीबार बिहान ७ :३० बजे निधन भएको अस्पतालका स्वास्थ्य निर्देशक डा.विनोद विजुक्छेले बताए । नेपाली कांग्रेस काठमाडौं क्षेत्र नं ७ का क्षेत्रीय सभापतिसमेत रहेका वडाध्यक्ष रिजाल २०७९ सालमा सम्पन्न स्थानीय तहको निर्वाचनमा काठमाडौं महानगरपालिका-१६ मा दोस्रोपटक वडाध्यक्षमा निर्वाचित भएका थिए । वडाध्यक्ष रिजालका श्रीमती र दुई छोरा छन् । उनको बिहीबार नै पशुपति आर्यघाटमा अन्त्येष्टि गरिएको छ । अन्त्येष्टिअघि स्व.रिजालको शवलाई श्रद्धाञ्जलीका लागि काठमाडौं महानगरको तर्फबाट राष्ट्रिय सभागृह र पार्टीको तर्फबाट पशुपतिमा राखिएको थियो । राष्ट्रियसभा गृहमा काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र शाहले नेपालको राष्ट्रिय झण्डा ओढाएका थिए भने पशुपतिमा कांग्रेस सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले कांग्रेसको झण्डा ओढाएका थिए । वडाध्यक्ष रिजालको पार्थिव शरीरमा उनका छोरा सन्देश र सार्थक रिजालले दागबत्ती दिएका थिए ।

उनको अन्तिम संस्कारमा पार्टीका महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्मा, पूर्वमहामन्त्रीहरू डा शशांक कोइराला र प्रकाशमान सिंह, नेताहरू शंकर भण्डारी, नैनसिंह महर, उर्मिला थपलिया, बागमती प्रदेशका मन्त्री बहादुरसिंह लामालगायत केन्द्रीय र प्रदेशका नेता तथा मन्त्रीको सहभागिता थियो ।

यसैबीच काठमाडौं महानगरपालिकाले शुक्रबार शोक बिदा दिने निर्णय गरेको छ । वडाध्यक्ष रिजालको असमायिक निधनमा शुक्रबार शोक बिदा दिने निर्णय भएको हो । प्रशासन विभाग प्रमुख दीपक अधिकारीले महानगरपालिका र अन्तर्गतका कार्यालयहरूमा शोक बिदा दिने निर्णय भएको जानकारी दिए ।

# राजपुर नगरपालिकाको आफ्नै नगर प्रहरी

**सागर संगम ठाकुर/मध्यान्ह**
रौतहट, २१ भदौ

रौतहटको दक्षिण भेगमा रहेको राजपुर नगरपालिकाले नगर प्रहरी दिक्षान्त/पास आउट कार्यक्रम सम्पन्न गरेको छ ।

नगर प्रमुख डा.मो.राजीक आलमको प्रमुख आतिथ्यतामा बिहीबार एक कार्यक्रमकाबीच नगर प्रहरी दिक्षान्त/पास आउटको उद्घाटन गरेका थिए ।

कार्यक्रममा नगर प्रमुख आलमले नगरपालिकाका नागरिकलाई शान्ति सुरक्षाको प्रत्याभूति दिलाउन नेपालकै संविधानमा दिएको अधिकारलाई आत्मसाथ गर्दै नगरपालिकाले आफ्नो कार्यविधि अनुसार नगर प्रहरी भर्ना गरेको बताए ।

नगर प्रमुख आलमले देश संघीय लोकतान्त्रिक गणतन्त्र नेपालमा प्रवेश गरिसकेपछि स्थानीय सरकारले आफ्नो नगरको शान्ति सुरक्षा कायम गर्न नगर प्रहरी राख्नुपर्ने प्रावधान संविधानमै उल्लेख भएको बताए ।

नगर प्रहरीले नगरपालिकाभित्र गर्नुपर्ने मुख्य काम भनेको पालिका भित्रका सम्पूर्ण नागरिकको शान्ति सुरक्षा कायम गर्न र विधिको शासन लागू गर्नु मुख्य कर्तव्य रहेको बताए ।

राजपुर नगरपालिकाका लागि जिल्ला प्रहरी कार्यालय रौतहटबाट आधारभूत तालिम प्राप्त भएका दुई जना महिलासहित २८ जना नगर प्रहरीले दिक्षान्त/पास आउट गरेका छन् ।

नगर प्रमुख आलमले काम गर्ने क्रममा नगर प्रहरीले कसैसँग भेदभाव र पक्षपात नगरी सबै नागरिकसँग एक नासको व्यवहार गर्न आग्रह गरे ।

त्यस्तै कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि जिल्ला प्रहरी कार्यलय रौतहटका प्रहरी उपरीक्षक महेन्द्र कुमार श्रेष्ठले राजपुर नगरपालिकाले भर्ना गरेका २८ जना नगर प्रहरीको कार्यकालको शुभकामना दिँदै नगरपालिका भित्र शान्ति सुरक्षा कायम गर्नको निम्ति नागरिकहरुको जिउ ज्यान रक्षाको निम्ति नेपाल प्रहरी सँगको समन्वयमा मिलेर काम गर्ने बताए ।

जिल्ला प्रहरी कार्यालय रौतहटबाट आधारभूत तालिममा सहभागी भएका २८ जना जवानलाई प्रहरी निरीक्षक झलक बहादुर शर्मा नेतृत्वमा रहेका आठ जनाले तालिम प्रशिक्षण दिएको थियो ।

नगर प्रहरी दिक्षान्त/पास आउटको उद्घाटन कार्यक्रममा तालिम दिने जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक उमाशंकर प्रसाद यादव, प्रहरी निरीक्षक झलक बहादुर शर्मा (तालिम संयोजक)प्रहरी बरिष्ठ नायव निरीक्षक सुनिल कुमार यादव(प्रमुख प्रशिक्षक) प्रहरी बरिष्ठ नायब निरीक्षक सत्यनरायण घिमिरे (तालिम सहसंयोजक) प्रहरी बरिष्ठ नायब निरीक्षक नेत्र हरि काफ्ले (आर्थिक समन्वय), प्रहरी हवल्दार दुर्गा पुडासैनी (बाह्य प्रशिक्षक), प्रहरी जवान सरोज कुमार शर्मा (बाह्य प्रशिक्षक), प्रहरी जवान संजिप कुमार राउत (बाह्य प्रशिक्षक), प्रहरी जवान मदन लामिछाने (बाह्य प्रशिक्षक) सहितका टोलीलाई प्रशंसा पत्रसहित सम्मान गरिएको थियो ।

नगर प्रमुखको अध्यक्षतामा भएको कार्यक्रममा विशिष्ट अतिथिको रुपमा उपप्रमुख जमिला असगरी रहेकी थिइन् भने कार्यक्रमको स्वागत मन्तव्य नि.प्रमुख प्रशासकीय अधिकृत बैजु ठाकुरले राखेका थिए । उद्घाटन कार्यक्रममा सम्पूर्ण वडाका वडाध्यक्ष, कार्यपालिका सदस्यहरु, पालिकाका सम्पूर्ण कर्मचारी, सुरक्षा निकायका प्रतिनिधि र पत्रकारको उपस्थिति रहेको थियो ।

## कोशीमा...

ज्येष्ठ प्रदेशसभा सांसदहरु पनि अनुपस्थित थिए । त्यसपछि कांग्रेसका अन्सारीले बैठकको अध्यक्षता गरे । सत्तागठबन्धनले उनै अन्सारीको समेत मत लियो र विश्वासको मत पाएको घोषणा प्रदेशसभाबाट भयो । तर, यस्तो कार्य गर्नु अगाडि सत्ता गठबन्धनले तत्कालीन बाबुराम गौत्तमको समेत मत लिएर मुख्यमन्त्री हुँदाको अवस्थामा परेको रिट र त्यसमा सर्वोच्च अदालतले गरेको फैसला ख्याल गरेनन् वा लत्याए ।

यही विषय सर्वोच्चका न्यायाधीश ईश्वर खतिवडाको एकल इजलासले पनि सम्झाएको थियो । उक्त इजलासले प्रदेश सभाको बैठकको अध्यक्षता गरेका व्यक्तिले मत दिएको संविधानसम्मत नदेखिएको भन्दै दीर्घकालीन निर्णय नगर्न आन्तरिम आदेश दिएको थियो । त्यसपछि यो मुद्दा संयुक्त हुँदै पूर्ण इजलासमा पुगेको थियो र बिहीबार कार्कीलाई मुख्यमन्त्रीी नियुक्तिका लागि परमादेश जारी भयो । अधिवक्ता भट्टराई कोर्स करेसक्सनका साथसाथै कोशी प्रदेशको फैसलाले केही नयाँ आयाम समेत स्थापित गरेको बताउँछन् ।

उनका अनुसार सभामुख मात्रै अध्यक्षता गर्ने व्यक्ति हो कि अध्यक्षता गर्ने अन्य पनि हुन ? भन्ने प्रश्नको जवाफ मिलेको छ । अध्यक्षता गर्ने सबै व्यक्तिले मत दिन नपाउने स्थापित भएको छ ।

'सभामुख, अध्यक्ष वा जुनसुकै हैसियतमा अध्यक्षता गरेको भएतापनि मत दिन पाउँदैन भन्ने फैसला भएको छ' उनी भन्छन्, प्रदेश सभाको अधयक्षताका लागि तोकिएका प्यालनको सदस्यले अध्यक्षता गर्दा पनि मत दिन पाउँदैन भन्ने थप ब्याख्या भएको छ । यसले अध्यक्ष्ता गर्ने व्यक्ति भनेको सभामुख मात्रै हो भन्ने जिकिर खारेज भएको छ ।'

साथै, एकै व्यक्तिलाई पटक पटक अवसर दिनु हुँदैन भन्ने नया ब्याख्या यसपटक भएको छ । 'एकै व्यक्तिले पटक पटक विश्वासको मत एकै धारा अन्तर्गत लिन पाउँदैन भन्ने ब्याख्या अन्य प्रदेश र संघको हकमा पनि लागू हुन्छ' उनी थप्छन्, 'अब जुनसुकै तहको सरकारको प्रमुखले पटक पटक एउटै धारामा आफूलाई विश्वासको मत लिनका लागि जान पाउँदैन् ।'

## कांग्रेससँग...

हामी दलहरुले नै संविधानका धाराहरु मिच्ने अभ्यासहरु सच्याउनुपर्छ भन्ने सन्देश पनि यो फैसलामा प्राप्त छ' उनले भनेका छन् ।

प्रदेशसभामा कसैको पनि स्पष्ट बहुमत नहुने भएकाले चुनौती रहेको उल्लेख गर्दै उनी भन्छन्, 'हामी सबै दलसँग सहकार्य प्रस्ताव गर्छौं । खासगरी अहिले राष्ट्रिय राजनीतिको माग नै कांग्रेस र एमालेबीच सहमति बन्नुपर्छ भन्ने छ । कांग्रेससँग सहकार्यमा हाम्रो जोड हुन्छ । मूलधारका पाटीहरुलाई त्यसमा जोड्ने हाम्रो कोसिस हुन्छ ।'

कांग्रेसलाई प्राथमिकता दिने, माओवादीलाई नदिने ? भन्ने प्रश्नमा उनी भन्छन्, 'मूलतः कांग्रेसलाई नै प्राथमिकता दिने हो । किनभने एमाले र कांग्रेसका बीचमा सहकार्य हुनुपर्छ । तर त्योसँगै अरु दलहरु समेतलाई सँगै लिएर हिंड्ने हाम्रो दायित्व हुनेछ ।'

## कांग्रेसले...

राईले भने, 'कानुनी शासन पालना गर्ने पार्टी भएकाले यसलाई स्वीकार गर्छौं ।'

सर्वोच्चले मुख्यमन्त्री थापालाई पदमुक्त गर्दै संविधानको धारा १६८ को ३ बमोजिम ठूलो दलको नेता हिक्मतकुमार कार्कीलाई मुख्यमन्त्री नियुक्त गर्न परमादेश दिएको छ । तर यो सरकारको आयु पनि ३० दिन मात्रै रहेकाले अर्को सरकार बनाउन लागिपर्ने कांग्रेस नेता राईले बताए ।

'यो सरकार जम्मा ३० दिनको लागि हो' उनले भने, 'हामी तीस दिन पछिको एक्ससाइजको तयारीमा लाग्छौं ।'

## चिनियाँ...

यसको प्रभाव' शीर्षकमा आयोजना गरेको कार्यक्रममा मन्तव्य राख्ने क्रममा चिनियाँ राजदूत छेनले भारत र नेपालको व्यापार सम्बन्धमाथि नकारात्मक टिप्पणी गरेका थिए ।

यो अभिव्यक्ति कूटनीतिक मर्यादा विपरीत भएको भन्दै चिनियाँ राजदूत छेन सङको आलोचना भइरहेको छ । सांसदहरूले राजदूतको आलोचना मात्र गरेनन्, सरकारलाई ध्यानाकर्षण समेत गराएका हुन् । पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले नेपालको सम्बन्धलाई लिएर तेस्रो मुलुकले चासो व्यक्त गर्दा त्यसले नेपाल अप्ठ्यारोमा पर्ने बताए ।

'नेपालमा धेरै मुलुकका कूटनीतिज्ञ छन् । यसमा एउटाले प्रतिक्रिया जनाउने र अर्कोले चासो व्यक्त गर्दा अप्ठ्यारो हामीलाई पर्छ' एकीकृत समाजवादी अध्यक्ष नेपालले भने, 'त्यसैले कूटनीतिक मर्यादा बाहिर गएर कसैले पनि बोल्नुहुँदैन ।' लोकतान्त्रिक समाजवादी पार्टीका अध्यक्ष महन्थ ठाकुरले यस्ता विषयमा चिनियाँ मात्रै होइन, सबै मुलुकका राजदूतलाई सचेत गराउनुपर्ने बताए ।

'कुराहरू बढ्दै गए भने अर्को राजदूतले के भन्ला, अर्कोले के भन्ला र हामी एउटा नराम्रो परिस्थितिमा पुग्छौं, ठाकुरले भने, 'उहाँलाई बोलाएर अहिले नै हामीले सचेत गराउनुपर्छ । यस्तो कुराहरू नगर्नुहोला भनेर सबै राजदूत र डिप्लोम्याटिक मिसनहरूलाई परराष्ट्र मन्त्रालयले सचेत गराउन आवश्यक छ ।' समिति सदस्य तथा माओवादी केन्द्रका उपमहासचिव वर्षमान पुनले स्पष्ट शब्दमा कुनै पनि मुलुकले नेपालको तेस्रो मुलुकसँगको सम्बन्धलाई लिएर बोल्नु उचित नभएको बताए ।

'को राजदूत र कहाँको राजदूतले भन्ने भन्दा पनि हाम्रो आन्तरिक मामिलामा कुनै पनि छिमेकी वा मुलुकले टिप्पणी गर्ने परम्परा बस्नै दिनुहुँदैन । यो हाम्रो घरेलु विषय हो, हाम्रो सम्बन्धको विषय हो' उनले भने, 'सही-गलत हामी सम्बन्धित पक्षसँग कुरा गर्छौं ।' चिनियाँ राजदूतको नाम नलिई उनले अघि भने, 'त्यसमा परराष्ट्र मन्त्रालयलाई सतर्क बनाउने या कुनै सन्दर्भमा स्पष्टीकरण लिने या के गर्ने हो मन्त्रालय र सरकारले यसमा पहल गरोस् ।'

## वैदेशिक...

प्रधानमन्त्रीको अग्रसरतामा राष्ट्रिय गोष्ठीको आयोजना गरिएको मन्त्री भण्डारीले जानकारी दिए ।

उनले भने, 'वैदेशिक रोजगारका क्रममा उनीहरूले पाउने तलब, सुविधा र मानव अधिकारको संरक्षणसहित उनीहरू स्वदेश फर्किएपछि यहाँ कसरी पुनःस्थापना गराउनेलगायतका विषय समेटेर राष्ट्रिय आप्रवासन नीति ल्याउने गृहकार्य भइरहेको छ ।' मन्त्री भण्डारीले वैदेशिक रोजगारका लागि काम गर्ने अनुमति नलिएका शैक्षिक कन्सल्ट्यान्सीलगायतको प्रलोभनमा परेर वैदेशिक रोजगारीमा जानेहरू ठगीमा परिरहेको भन्दै ठगीमा पर्नेहरू दुई तरिकाले ठगिएको बताए । उनले भने, 'एकथरी सही सूचना नपाएर, जानकारी नपाएर ठगिएका छन् भने अर्काथरी बढी जान्ने भएर अनुमतिपत्र नलिएका संस्थाबाट वैदेशिक रोजगारमा जान खोजेर ठगीमा परेका छन् । नेपालीहरू ठगीमा नपरून् भनेर सरकारले वैदेशिक रोजगार विभागमार्फत अनुगमनको कामलाई पछिल्ला दिनहरूमा विशेष कडाइ गरिरहेको छ ।'

सांसद सुवालले म्यानपावर कम्पनीले रकम उठाएर मन्त्रीलाई दिने गरेको भन्दै पुरक प्रश्न राखेका थिए । मन्त्री भण्डारीले आफूलाई त्यस विषयमा कुनै जानकारी नभएको भन्दै जानकारी भए स-प्रमाण उपलब्ध गराउन पनि आग्रह गरे । मन्त्री भण्डारीले स्वदेशमा नै रोजगारीको अवसर सिर्जना गर्नका लागि सरकारले सीप विकास तालिम केन्द्रलाई प्रतिष्ठानका रूपमा विकास गर्ने बताए । उनले रोजगारी सिर्जनाका लागि सात वटै प्रदेश र स्थानीय तहबाट काम भइरहेको पनि जानकारी दिए ।

मन्त्री भण्डारीले बुधबारसम्म वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न ९ सय ३५ म्यानपावर कम्पनी सञ्चालनमा रहेको पनि जानकारी दिए । नेमकिपाका सांसद सुवालले नेपालमा रहेका म्यानपावर कम्पनी र उनीहरूका सञ्चालकको विवरण माग गरेका थिए । मन्त्री भण्डारीले ९ सय ३५ म्यानपावर कम्पनी रहेको जानकारी दिएपनि सञ्चालकको संख्या वैदेशिक रोजगार विभागको वेबसाइटबाट एकिन गर्न सकिने जवाफ दिए । बिहीबार अर्थ मन्त्रालयसहित श्रम मन्त्रालयका बारेमा मन्त्रीसँग सांसदको प्रश्नोत्तर राखिएको थियो । श्रम मन्त्रालयका विषयमा नेमकिपाका सांसद सुवालले मात्रै प्रश्न राखेका थिए ।

## राष्ट्रिय...

एमालेका सचेतक महेश बर्तौलासहितलाई भेटेर संशोधनका लागि आग्रह गरेका छन् । यस्तै संघका पूर्वअध्यक्ष विमल ढकाल तथा नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनका पूर्वअध्यक्ष प्रज्ञान न्यौपानेसहितका व्यवसायीले राज्य व्यवस्था तथा सुशासन समितिका सभापति रामहरि खतिवडासहितलाई भेटेर संशोधनका लागि आग्रह गरेका छन् । उनीहरुले संशोधनको प्रावधान अव्यवहारिक देखिएको भन्दै ऐनको दफा १६ मा गरिएको पूर्व स्वीकृतिको विज्ञापन शुरूमा वैदेशिक रोजगार व्यवसायीको वेबसाइटमा प्रकाशन गरी विभागलाई जानकारी दिने प्रावधान संशोधन गरी पूर्व स्वीकृति पछि पहिलोपटक नेपाली भाषाको राष्ट्रिय दैनिक पत्रपत्रिकामा सूचना प्रकाशित गरी दोस्रो पटक म्यानपावर कम्पनीको वेबसाइटमा प्रकाशित गर्नुपर्ने गरी संशोधन गर्न ध्यानाकर्षण गराएका छन् ।

उनीहरूले दफा ५३ मा रहेको त्यस्तो इजाजतपत्र संस्थालाई एक लाख रूपैयाँ जरिवानाको सट्टा त्यस्तो इजाजतपत्र प्राप्त संस्थालाई वैदेशिक रोजगारमा पठाएको कामदार संख्याको आधारमा जनही १ लाख रूपैयाँका दरले जरिवाना भन्ने शब्द हटाइ हाल ऐनमा रहेको व्यवस्था यथावत राख्न आग्रह गरेका छन् ।

संघले पनि ऐनको व्यवस्था यथावत राख्न माग गरेको छ । हाल कार्यान्वयनमा रहेको ऐनको दफा ५३ मा प्रवेषाज्ञा शुल्क, सेवा शुल्क तथा प्रवर्द्धन खर्च बढी लिएमा सजाय हुने व्यवस्था अन्तर्गत कुनै इजाजतपत्रवालाले निःशुल्क प्रवेषाज्ञा प्राप्त भएकोमा सोबापतको शुल्क लिएमा वा तोकिएभन्दा बढी शुल्क वा खर्च लिएमा सो नलाग्ने वा बढी लिएको शुल्क वा खर्च विभागले सम्बन्धित व्यक्तिलाई फिर्ता गर्न लगाइ त्यस्तो इजाजपत्रवालालाई एक लाख रुपैयाँ जरिवाना गर्नेछ भन्ने व्यवस्था छ ।

## देशभर...

निर्वाचनबाट चितवन-२ मा राष्ट्रिय स्वतन्त्र पाटीका सभापति रवि लामिछाने, बारा- २ मा जनता समाजवादी पाटीका रामसहायप्रसाद यादव र तनहुँ-१ मा कांग्रेसका रामचन्द्र पौडेल निर्वाचित भएका थिए । नागरिकता खारेज भएपछि लामिछानेको सांसद पद पनि खारेज भएको थियो भने पौडेल राष्ट्रपति र यादव उपराष्ट्रपति हुँदा पद रिक्त भएको थियो । चितवन-२ मा लामिछाने पुनः निर्वाचित भएका छन् भने तनहुँ-१ बाट रास्वपाका स्वर्णिम वाग्ले र बारा-२ मा जसपाका अध्यक्ष उपेन्द्र यादव निर्वाचित भएका छन् ।

वैशाख १० मा प्रनिनिधिसभा सदस्यमा मात्र उपनिर्वाचन भएको थियो । त्यतिबेला स्थानीय तहको रिक्त पदमा निर्वाचन भएन । निर्वाचन आयोगले प्रदेश र स्थानीय तहको रिक्त पदमा उपनिर्वाचनका सन्दर्भमा सरकारसँग छलफल अगाडि बढाएको छ ।

निर्वाचन आयोगका प्रमुख आयुक्त दिनेश थपलियाका अनुसार प्रधानमन्त्री र उपप्रधानमन्त्रीद्वयले आगामी वैशाखमा उपनिर्वाचन गर्ने जवाफ दिएका छन् ।

निर्वाचन आयोगले आगामी मसिंरमा उपनिर्वाचन गर्न सरकारलाई अनौपचारिक प्रस्ताव गरेको थियो । तर, सरकारले राष्ट्रियसभा सदस्यको निर्वाचनपछि मात्र उपनिर्वाचन गर्ने बताएको छ ।

उनी भन्छन्, 'हामीले आगामी मंसिरमा उपनिर्वाचन गर्न सरकारलाई अनौपचारिक प्रस्ताव गरेको थियौं तर, सरकारले राष्ट्रियसभा सदस्यको निर्वाचनपछि मात्र उपनिर्वाचन गर्ने बताएको छ ।'

# कान्छीबजारमा पहिलो पटक लाखे जात्रा



**तिलोत्तमा, रुपन्देही/मस-** श्रीकृष्ण जन्माष्टमीको अवसर पारेर रुपन्देहीको तिलोत्तमा-१० कान्छीबजारमा बुधबार पहिलो पटक लाखे जात्रा प्रदर्शन गरिएको छ ।

कान्छीबजार नेवाः समाज तिलोत्तमा-१० को आयोजना तथा ज्वजलपा नेवाः समाज तिलोत्तमाको प्रस्तुतिमा नेवारी परम्परा अनुसार कान्छीबजारमा पहिलो पटक लाखेजात्रा प्रदर्शन गरिएको हो ।

भिमसेन मन्दिरबाट ढोलक र झ्याली बजाउँदै नेवारी भेषभूषा र झाँकीसहित निकालिएको लाखे जात्रा भिमचोकमा प्रदर्शन गरिएको थियो । लाखेजात्रा हेर्न सो क्षेत्रका दर्शकहरुको बाक्लो भिड लागेको थियो । दिउँसो ४ बजेबाट शुरु भएको लाखे नाच राति ८ बजेसम्म प्रस्तुत गरिएको थियो ।

जात्रामा नेवार समुदायका अग्रज तथा युवाहरुको उल्लेख्य सहभागीता रहेको थियो । सो अवसरमा अग्रज नेवाः ७२ वर्षीय क्याप्टेन अमर बहादुर श्रेष्ठले समेत परम्परागत रुपमा नाचिने लाखे नाच प्रस्तुत गरेका थिए । नेवारी संस्कृतिको जगेर्ना गर्न र लाखे नाचप्रति नयाँ पुस्तालाई आकर्षित गर्नका लागि बुढेसकालको उमेरमा पनि आफू लाखे नाचेको श्रेष्ठले बताए ।

नेवारी कला र संस्कृतिको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गर्ने उद्देश्य अनुरुप समाजले कान्छीबजारमा लाखेजात्रा प्रदर्शन गरेको ज्वजलपा नेवाः समाज तिलोत्तमाका अध्यक्ष जेश कुमार श्रेष्ठले बताए ।

स्याङ्जा तीनदोबाटेबाट बसाइँ गरेर रुपन्देहीका विभिन्न स्थानमा बसोबास गर्दै आएका नेवार समुदायले तीनदोबाटे स्याङ्जामा नचाइने परम्परागत शैलीको लाखेनाच प्रदर्शन गरेको हो । समाजले गत वर्ष पनि रुपन्देहीका विभिन्न स्थानमा लाखे नाच प्रदर्शन गरेको थियो ।

कान्छीबजार नेवाः समाजका अध्यक्ष जस बहादुर श्रेष्ठको अध्यक्षता तथा तिलोत्तमा-१० का वडा अध्यक्ष गोपाल प्रसाद घिमिरेको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा लुम्बिनी प्रदेश योजना आयोगका पूर्व सदस्य डा. दामोदर भुषाल, समाजका अध्यक्ष जेश कुमार श्रेष्ठ, समाजसेवी उजुरसिंह जिसी, घनसिंह पुन, बिक्रम केसी लगायतले बोल्दै नेवारी कला, परम्परा र संस्कृतीको जगेर्नाका लागि यस्ता खालका साँस्कृतिक गतिविधिको महत्वपूर्ण भूमिका रहने बताए ।

कार्यक्रम समाजका सचिव कृष्ण बहादुर श्रेष्ठले सञ्चालन गरेका थिए भने उपाध्यक्ष होम प्रसाद कर्माचार्यको स्वागतमा सम्पन्न भएको थियो । स्थानीय कृष्ण बहादुर श्रेष्ठ, प्रकाश श्रेष्ठ, गजेन्द्र श्रेष्ठ लगायतको पहल र सकृयतामा कान्छीबजारमा पहिलोपटक लाखेजात्रा प्रदर्शन गरिएको हो ।

लाखे नाच नेवार समुदायले विशेष पर्वको अवसरमा लाखेको मुखुण्डो पहिरिएर गरिने परम्परागत नृत्य हो । नाग पञ्चमीको दिनदेखि शुरु हुने लाखे जात्रा ऋषी पञ्चमीको दिन विधिपूर्वक पूजाअर्चना गरी विसर्जन गरिन्छ । राक्षसको स्वरुपमा खोपा र रङ्गीविरङ्गी वस्त्रसहित व्यक्तिलाई सिंगारेर लाखे नचाउने प्रचलन परापूर्वकालदेखि नेवार समुदायमा रहँदै आएको छ ।


**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७१/०९/१६ मा दर्ता भएको **प्रा.लि. नं. १३०२८४/०७१/०७२** को **ए एण्ड क्राफ्ट एन्टिक्स प्रा.लि.** को मिति २०८०/०५/२१ को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटरः बिष्णहरी धिताल, इजाजत पत्र नं. ५७३, फोन नं. ९८५११९०३४३**

**मोटरसाईकल हरायो**

मिति २०८०/०५/१५ गते साँझ ४:३० देखी ५ बजे तिर गोकर्णेश्वर-८, माकलबारी, सानोपुल छेउबाट आफनै कोठा अगाडी पार्किङ गरेको ठाउँबाट Pulsar 220 F ABS बाग्मती प्रदेश ०२-०४३प ६१४० नम्बरको रातोकालो रङ्गको मोटरसाईकल हराएको हुँदा देख्नुहुने महानुभावहरुले निम्न ठेगाना वा नजिकैको प्रहरी चौकिमा बुझाईदिनुहुन अनुरोध गर्दछु ।

च्यासिस नं. MD2A13EXXMCJ99002
इजिन नं. DKXCMJ33169

नाम थरः निश्चल राई
ठेगानाः ऐशेलुखर्क-१, खोटाङ
सम्पर्क नं. 9869809826

**शिवसताक्षी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**ब्याङ्गडाडा, झापा**
**कोशी प्रदेश, नेपाल**

**लम्पी स्किन सम्बन्धी जनहितमा जारी सन्देश**

- यो एक प्रकारको भाइरस (पक्स समूहको काप्रीपक्स भाइरस)बाट गाईभैंसीमा लाग्ने रोग हो । यो रोग भैंसीहरुमा भन्दा गाईहरुमा बढी देखिन्छ ।
- पहिला अफ्रिकामा सीमित यो रोग सन् २०१२ पछि मध्य पूर्व, दक्षिण युरोप, रसिया, काजकिस्तान हुँदै बंगलादेश र भारतमा पनि केही महिना अगाडि देखा परेको थियो ।
- अहिले नेपालको मोरङ, झापालगायतका पूर्वी क्षेत्रमा यो रोगको लक्षण देखिइ सयौं गाईहरु बिरामी परेको र केही मरेको जानकारी आइरहेको हुँदा सतर्कता अपनाऔं ।

**मुख्य लक्षणहरूः**

- कचेरा निकाल्ने, सिंगान बग्ने तथा फिंज धेरै निकाल्ने
- शरीरका विभिन्न भागहरुमा विशेष गरी घाँटी, पछाडिको खुट्टाहरुमा, पेट र थुन वरिपरि सानादेखि ठूला गिर्खाहरु देखिने
- उच्च (१०४ फरेनहाइट वा माथि) ज्वरो आउने
- दुध उत्पादन २५-८०% सम्म घट्न सक्ने
- गर्भ तुहिने तथा बाँझोपना देखिन सक्ने
- मृत्युदर कम भए पनि धेरै पशुहरु (५-४५%) बिरामी हुन सक्ने



**रोग सर्ने मुख्य कारणहरू**

- लामखुट्टे, झिंगा, किर्ना आदिको टोकाईबाट
- संक्रमित गाईभैंसीको ओसार पसार र लसपसबाट
- संक्रमित गाईभैंसी र स्वस्थ गाईभैंसीलाई उपचारको क्रममा एउटै सुई प्रयोग गरेमा

**उपचार तथा रोकथाम**

- ठोस उपचार छैन ।
- प्राविधिकको सल्लाहमा लक्षण अनुसारको उपचार ।
- खोप (नेपालमा हालसम्म उपलब्ध छैन ।)
- संकमित क्षेत्रबाट गाईभैंसीको ओसारपसार नियन्त्रण ।
- लामखुट्टे, भिंगा, किर्ना आदिको नियन्त्रण र गोठ वरिपरिको वातावरण सफा राख्ने ।

# अझै २० प्रतिशत मुक्त हलियाको पुनर्स्थापन हुन बाँकी

**करन ताम्राकार/मध्यान्ह**
धनगढी, २१ भदौ



हलिया मुक्ति भएको बिहीबार १५ वर्ष पुगेपनि अझै २० प्रतिशत हलिया पुनर्स्थापन हुनु बाँकी रहेको छ । राष्ट्रिय मुक्त हलिया समाज महासंघले हलिया मुक्तिको १५ वर्ष पुग्नुका साथै १२ औं साधारणसभाका अवसरमा आयोजित पत्रकार सम्मेलनमा सो जानकारी गराइएको हो ।

नेपाल सरकारको प्रमाणीकरण भएका १६ हजार ९ सय ५३ घरधुरीमध्ये १३ हजार ५ सय ४६ घरधुरीले पुनर्स्थापना प्याकेज प्राप्त गरेका र ३ हजार ४ सय ७ घरधुरी अझै पुनर्स्थापन हुनु बाँकी रहेको राष्ट्रिय मुक्त हलिया समाज महासंघ केन्द्रीय अध्यक्ष इश्वर सुनारले बताए ।

पत्रकार सम्मेलनमा सुदूरपश्चिम प्रदेशका ९ जिल्ला र कार्णाली प्रदेशका तीन जिल्ला सुर्खेत, जाजरकोट गरी २० प्रतिशत हलिया परिवार पुनर्स्थापन कार्यक्रममा छुटेको जानकारी गराइएको छ ।

सुदूरपश्चिम र कर्णाली प्रदेशमा बसोबास गर्ने लगतमा समावेश हुन नसकेका मुक्त हलियाको तथ्यांक र प्रमाणीकरणमा परेका र कार्ड होल्डर हलिया नै राज्यको कमजोरीका कारण पुनर्स्थापनमा छुटेको अध्यक्ष सुनारले बताए ।

मुक्त हलिया पुनर्स्थापनाको काम छिटो सम्पन्न गर्न उनले सरकारसँग आग्रह समेत गरे । 'नेपाल सरकारले मुक्त हलिया पुनर्स्थापन कार्यलाई छिटो सम्बोधन गर्नुपर्छ' उनले भने, '२० प्रतिशत मुक्त हलियाको पुनर्स्थापनको काम बाँकी छ ।'

सरकारले वि.सं २०६५ भदौ २१ गते हलिया मुक्तिको घोषणा गरेको थियो । पुरानो छुट मुक्त हलिया पनि छन् । लगत लिने क्रममा पूर्व मालिकको डर, त्रास, तत्कालीन कतिपय हलिया परिवारको तथ्यांक छुट्न गएको छ । सुदुरपश्चिम र कर्णाली प्रदेशका मुक्त हलियाको तथ्यांकमा छुट हुन गइ राहत पाउन नसकेको उनले बताए ।

सुदूरपश्चिम प्रदेश र कर्णाली प्रदेशका १२ जिल्लाका धेरै जस्तो स्थानीय तहलाई छुट मुक्त हलियाको लगत संकलन गरी पुनर्स्थापना कार्य अगाडि बढाउनका लागि महासंघले माग समेत गरेको छ ।

समावेशीकरण सम्बन्धी नीतिमा मुक्त कमैया, कमलरी, हरवा, चरवा, हलिया, भूमिहीन, सुकुम्वासीको पहिचान गरी बसोबासका लागि घर-घडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमिन वा रोजगारीको व्यवस्था गर्दै पुनर्स्थापना गर्ने संवैधानिक व्यवस्था रहेको छ । स्थानीय सरकार सञ्चालन ऐनमा आर्थिक तथा सामाजिक रुपमा पछाडि पारिएका समुदायको अभिलेख राखेर आर्थिक तथा सामाजिक उत्थानसम्बन्धी कार्य गर्ने र हलिया प्रथाका अन्त्य गर्ने लगायतका प्रावधान रहेको छ । तरपनि संघीय र प्रदेश सरकारले समेत मुक्त हलिया सवालमा कुनै बजेट नपर्नु सरकाले हलियाको मुद्दा जिम्मेवार नभएको नीति तथा कार्यक्रम समेटिएपनि बजेटमा समावेश नगरिनु हलिया समुदायको लागि दुर्भाग्य भएको महासंघकी कोषाध्यक्ष इन्दिरा ताम्राकारले बताइन् ।

१५ औं हलिया मुक्ति दिवसको अवसरमा सुदूरपश्चिम प्रदेशको डडेल्धुराबाट क्याराभान यात्रा गर्दै ७ पहाडी जिल्लाको मुक्त हलिया अगुवाको टोली बुधबार साँझ प्रदेश राजधानी धनगढीमा पुगेको थियो ।

# श्रीराम सुगर मिल्स सञ्चालन गर्न रौतहटका नेताहरूले भेटे नेपाललाई

**कृष्ण तिवारी/मध्यान्ह**
रौतहट, २१ भदौ



रौतहटका विभिन्न राजनीतिक दलका नेताहरुले नेकपा एकीकृत समाजवादीका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री माधव कुमार नेपालसँग भेट गरेका छन् । वर्षोदेखि बन्द रहेको श्रीराम सुगर मिल्स गरुडा सञ्चालन गराउनुपर्ने माग राख्दै उखु उत्पादक संघ रौतहटको नेतृत्वमा जिल्लाका नेताहरुले नेकपा एकीकृत समाजवादी पार्टीको केन्द्रीय कार्यालयमा पुगेर नेपालसँग भेटवार्ता गरेका हुन् ।

भेटमा नेताहरुले बन्द रहेको श्रीराम सुगर मिल्स सुचारु गराउन पहलकदमी लिन नेता नेपाललाई आग्रह गरेका थिए । जवाफमा नेपालले बन्द मिल्स सुचारु गराउन आफूले कुनै कसर बाँकी नराख्ने बताएका भेटमा सहभागी जनता समाजवादी पार्टीका नेता राज कुमार दासले जानकारी दिए ।

गरुडा चिनी मिल्स सुचारु गराउन आफुले उद्योग मन्त्रीदेखि लिएर प्रधानमन्त्री प्रचण्डसँग समेत कुरा गर्ने र मिल्स चाडै सञ्चालन गराउने वातावरण बनाउने नेता नेपालले आश्वासन दिएका भेटमा सहभागी अर्का उखु उत्पादक संघ रौतहटका अध्यक्ष अशोक यादवले बताए ।भेटमा नेपाली कांग्रेसका रौतहट जिल्ला सभापति सुनील कुमार यादव जितेन्द्र, पूर्व सांसद कल्याणी खड्का, नेकपा एसका नेता बृज किशोर यादव, रेवन्त झा, अशोक यादव, जसपाको नेता अनिल यादव र राजकुमार दास सहभागी थिए ।

# हुम्लामा एम्बुलेन्स र अक्सिजन उत्पादन केन्द्रको उद्घाटन

**ओबराज शाही/मध्यान्ह**
हुम्ला २१ भदौ

जिल्ला अस्पताल हुम्लामा एकैपटक एम्बुलेन्स र अक्सिजन उत्पादन केन्द्रको उद्घाटन गरिएको छ। कर्णाली प्रदेशका पूर्व मुख्यमन्त्री जीवन बहादुर शाहीले एम्बुलेन्स र अक्सिजन बुष्टर फिलिङ्गको उद्घाटन गरेका हुन् । भारत सरकारले एक वर्ष अगाडि सहयोग गरेको एम्बुलेन्स जिल्ला अस्पताल हुम्लामा ल्याइएको हो। उक्त एम्बुलेन्स भारत सरकारले जिल्ला अस्पताललाई अनुदानमा उपलब्ध गराएको थियो । काठमाडौंबाट केरुङ, हिल्साहुँदै जिल्ला अस्पतालमा पुगेको एम्बुलेन्सको पूर्व मुख्यमन्त्री शाहीले रिवन काटेर र आफैंले चलाएर उद्घाटन गरेका थिए । आपतकालिन बिरामीको लागि एम्बुलेन्स अति आवश्यक रहेको पूर्व मुख्यमन्त्री शाहीले बताए । उनले आफुले सानैदेखि हुम्लाको दुःख देखेको हुँदा गरिब, दुखी बिरामीले जिल्ला बाहिर उपचार गर्न जाँदा महङ्गो खर्च तिरेर नजाउन भनेर विशेषज्ञ चिकित्सकदेखि स्वास्थ्य सामग्री पर्याप्त उपलब्धताका लागि लागि परेको बताए ।



अहिले जिल्ला अस्पतालबाटै नागरिकले विशेषज्ञ सेवा पाइरहेको भन्दै उनले अझै भरपर्दो सेवा दिनका लागि आफु लागि परिरहने बताए । गाउँघरमा मान्छे बिरामी हुँदा पिठ्युँमा बोकेर जिल्ला अस्पताल पुऱ्याउँदा समस्या हुन्थ्यो तर अहिले एम्बुलेन्स आएपछि यसको अन्त्य हुने आफूले विश्वास लिएको शाहीले बताए ।

जिल्लामा एम्बुलेन्स आएर उद्घाटन भएसँगै स्थानीय खुसी भएका छन् । गाउँघरमा बिरामी हुँदा जिल्लासम्म ल्याउँदा धेरै पीडा हुने गरेपनि अब जिल्ला अस्पतालमा एम्बुलेन्स आएपछि केही दुःख हटेको स्वास्थ्य सेवा कार्यालयका व्यवस्थापन समितिका अध्यक्ष दिपक भण्डारीले बताए । नेपाली कांग्रेसका पूर्व जिल्ला पार्टी सभापति जयपति रोकायाले काठमाडौंबाट सिमकोट ल्याउन ठूलो भूमिका निर्वाह गरेका थिए । एम्बुलेन्स काठमाडौं, केरुङ, हिल्सा हुँदै जिल्ला अस्पतालसम्म ल्याउन सात लाख रुपैयाँ ढुवानी खर्च लागेको छ ।

## Balephi Rural Municipality
## Office of the Municipal Executives

**Invitation for Bids**

**Date of publication: 08th September, 2023)**

1. Balephi Rural Municipality, Office of the Rural Municipal Executive, Balephi, Sindhupalchok invites electronic bids from eligible bidders for the following works under National Competitive Bidding. Only eligible bidders should participate in this bidding.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents visit PPMO e- GP system www.bolpatra.gov.np/egp.
3. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
   **Information to deposit the cost of bidding document in Bank:**
   Name of the Bank: **NIC ASIA Bank LTD, Khadichour, Sindhupalchok**
   Name of Office: **Balephi Rural Municipality, Balephi, Sindhupalchok**
   Cost of Bidding: **Nrs. 3000**
   Internal Revenue account no.: **194CA50003570007**
4. Pre-bid meeting will be held in the office of Balephi Rural Municipality at 11:00 hrs on (2023/09/29)
5. electronic bids must be submitted to Balephi Rural Municipality, Office of the Rural Municipal Executive, Balephi, Sindhupalchok through PPMO's e- GP system www.bolpatra.gov.np/egp on or before 12:00 Hrs on 08th October, 2023.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13: 00Hrs 08th October, 2023 at Balephi Rural Municipality, Office of the Rural Municipal Executive, Balephi, Sindhupalchok.
7. Office reserves the right to accept or reject any Bids without assigning any reasons whatsoever, other terms and conditions not covered here will be in accordance to PPA-063(addendum, 2077) and LBFAR-064.

| S. N | Contract ID No. / Description | Bid Security Amount (NRs) | Estimated Amount Without VAT and ps | Last Date of Bid Submission | Bid opening Date |
|---|---|---|---|---|---|
| 1 | BRM/NCB-01/2080-081 (Upgrading of Jalabire Bankali hagam road) | 500000 | 1,70,67,161.61 | 12:00 Hrs on 08th October 2023 | 13:0Hrs on 08th October 2023 |
| 2 | BRM/NCB-02/2080-081 (Upgrading of Kamitar lakuridada agriculture road) | 500000 | 1,70,80,014.12 | | |
| 3 | BRM/NCB-03/2080-081 (Construction of Kothe Binjel dhuskot road) | 500000 | 1,71,21,065.37 | | |

**Chief Administrative Officer**

**बहराइनमा रोजगार** | कम्पनी: ESMAELY LENZOHM ELECTRICAL CO. W.L.L. शहर: MANAMA
पूर्व स्वीकृत मिति: २०७९/०५/१० चलानी नं.: ६०१८६२१० LT. No.:270505 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 66 | 0 | स. काममा दक्ष | 100 | ३५,२०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८० भदौ २९ गते (15 September 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | रु.१०,०००/– कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नुहोला ।

Triveni Hr Solution Pvt. Ltd.
Govt. Lic. No. 1174/073/074
Samakhusi, Kathmandu, Tel.: 01-4987601, 01-4987608,01-4989258
Mobile: 9847259822, 9818618887, 9861133194, 9851007872, 9818465637
Email: triveni.overseas341@gmail.com, info@trivenihr.com

**SAUDI मा रोजगार** Aors Gas Contracting Est.
पूर्व स्वीकृती मिति: २०८०/०४/२१ चलानी नं.६०२०७३३३ LTNo.: 291136

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR. | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | A Builder | 1 | 0 | साधारण | 1000 | ३५,५१५।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले ब्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले ब्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले ब्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००।- कामदार आफैले | रु. ७००।- कामदार आफैले | रु.१०,०००।- |

अन्तरवार्ता २०८० भदौ २९ गते (15 Sept., 2023) यस प्रा. लि. को कार्यालय सामाखुसी, काठमाडौमा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: १) आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ३) बिदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ४) बिदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफुसँग राख्नुहोला । ५) काममा बिदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे वैदेशिक रोजगार विभाग, बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

Gulf Star Overseas Pvt. Ltd. "Your Career Partner"
Lic. No.: 1011/068/069
Samakhushi-10, Kathmandu, Tel.: 01-4970001|4970002|4970003
Email: gulfstar1011@gmail.com URL:gulfstaroverseas.com

**SAUDI मा रोजगार** | १. कम्पनी : AL RAWAF CONTRACTING COMPANY IS A ONE PERSON COMPANY शहर : AL QASSIM
पूर्व स्वीकृत मिति: २०८०/०५/२१ चलानी नं.: ६०२०७३१९ LT. No.: 291872

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 100 | 0 | स. काममा दक्ष | 1000 | ३५,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा मिति २०८० भदौ २९ र ३० गते (15 & 16 September 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

Rays Recruitment Pvt. Ltd.
Gov. Lic. No.: 787/065/066
Tokha Road, Mahalaxmi Marg-5 | Bashundhara, Kathmandu, Nepal
P.O. Box: 25046, Tel.: 01-4380343, 01-4388579
E-mail: raysrecruit@gmail.com | Website: www.rays-recruitment.com

**UAE मा वैदेशिक रोजगारको अवसर**
कम्पनी : GOLDEN SAFETY PROPERTY GUARD SERVICES L.L.C शहर: UAE
पूर्व स्वीकृत मिति: २०७८/०८/१५ चलानी नं.: ६०१६९३३४ L.T. No.: 252646 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 13 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,३६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Life Guard | 2 | 0 | | 1200 | ४३,३६८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० भदौ २९ गते (15 September 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

ROTARY OVERSEAS PVT. LTD.
Govt. Lic. No. 562/062/063
Basundhara-3, Kathmandu, Tel : 5903872, 5903873
Mobile : 9818216982, 9803856062, 9851035262
Email: info@rotaryoverseas.com, Web.: www.rotaryoverseas.com

**मलेसियामा रोजगारको अवसर** | कम्पनी : BIOFACT LIFE SDN BHD शहर : MAUR
पूर्व स्वीकृत मिति: २०८०/०५/२१ चलानी नं.: ६०२०७३३५ LT. No.: 292095

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 25 | 0 | स. काममा दक्ष | 1500 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० भदौ २९ गते (15 September 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/– रोजगारदाता कम्पनीले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | रोजगारदाताले व्यहोर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

पाल्ही ओभरसिज प्रा. लि.
श्रम इजाजत नं. ५९४/०६२/०६३
जि.पि.ओ. बक्स: ९७८०, लोसाल अन्नपूर्णमार्ग,चप्पलकारखाना, काठमाडौं, फोन: ०१-४०१५७९२, ४०१५६५५
E-mail: info@palhioverseas.com | Website: www.palhioverseas.com

GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara, Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoonemos.co.np
www.harvestmoongroup.com

मध्यान्ह
www.madhyanhadaily.com
२२ भदौ २०८०, शुक्रबार
8 September 2023, Friday

## सम्पादकीय

# असंवैधानिक कदमले निम्त्याएको अनिश्चय

सर्वोच्च अदालतको आदेशबाट कोशी प्रदेशका मुख्यमन्त्री उद्धव थापा पदमुक्त भएका छन् । साथै, प्रदेश सभाको सबभन्दा ठूलो दल नेकपा एमालेका संसदीय दलका नेता हिक्मतकुमार कार्कीलाई ४८ घण्टाभित्र नयाँ मुख्यमन्त्री नियुक्त गर्न परमादेश भएको छ । यससँगै कोशी प्रदेशमा रहेको अनिश्चयको राजनीति ३० दिनमा लागि निश्चय भएको छ । फेरि पनि कार्कीले विश्वासको मत लिन सक्ने प्रष्ट अंकगणित देखिँदैन । तथापि, कोशी प्रदेशमा प्रदेश प्रमुखको सहयोगमा सत्तागठबन्धनले मिच्न खोजेको संवैधानिक व्यवस्था र राख्न खोजेको गलत राजनीतिक नजिर खारेज भएको छ । बरू यो विषयमा सर्वोच्च अदालतले थप आयाम स्थापित गरिदिएको छ । सभाध्यक्षको समेत मत लिएर विश्वासको मत पाएको घोषणा गरिएका कोशी प्रदेशका निवर्तमान मुख्यमन्त्री थापाको कदम असंवैधानिक ठहर त भएकै छ । उनले कहाँ गल्ति गरे भन्ने फैसलामा प्रष्ट देखाइएको छ । सरकार बनाउन स्पष्ट बहुमत नभएपछि सभामुख बाबुराम गौतमको मत लिएर मुख्यमन्त्री बनेका थापा सोही मुद्दामा पदमुक्त भएका थिए । सभामुखको मत बराबर भएको अवस्थामा बाहेक मान्य नहुने संवैधानिक व्यवस्था मिचिएको सर्वोच्च अदालतको ब्याख्या सभामुखकै हदसम्म भएको भनी सत्ता गठबन्धनको अर्को असंवैधानिक कदम चालेको थियो, त्यसमा पनि ब्रेक लागेको छ ।

२०८० साउन १६ गते मुख्यमन्त्री नियुक्त भएका थापाले प्रदेशसभा बैठकको अध्यक्षता गरेका इस्राइल अन्सारीलाई मतदान गर्न लगाएर भदौ ४ गते विश्वासको मत लिएका थिए । त्यसविरूद्ध एमाले संसदीय दलका नेता कार्की सार्वोच्च गएका थिए । त्यही मुद्दामा न्यायाधीशहरू सपना प्रधान मल्ल, डा. कुमार चुडाल र नहकुल सुवेदीको पूर्ण इजलासले सभाको अध्यक्षता गरेका व्यक्तिले दिएको मतलाई संविधानसम्मत भन्न नमिल्ने ठहर गरेको हो । सर्वोच्च अदालतबाट यस अगाडि नै अध्यक्षता गर्ने व्यक्तिले मत दिन पाउँदैन भन्ने ब्याख्या भएको थियो । त्यसको अवज्ञा गरेर अगाडि बढेको सत्तागठबन्धनको असंवैधानिक यात्रामा रोक लागेसँगै राजनीतिक रूपमा कोर्स करेक्सन भएको छ । यसले तत्कालका लागि कुनै राजनीतिक दललाई लाभ वा हानी भएता पनि दिर्घकालीन रूपमा सबैका लागि संवैधानिक बाटो प्रष्ट गरिदिएको छ । अब यो नजिर प्रदेश र संघका हकमा समेत लागू हुनेछ ।

थापाले विश्वासको मत लिने समयमा उपसभामुख सृजना दनुवारले सहयोग गरिनन् । एमाले र राप्रपाका ज्येष्ठ प्रदेशसभा सांसदहरूले अनुपस्थित रहेर असहयोग गरे । उक्त कदम राजनीतिक थियो । राजनीतिक कदमको जवाफमा संवैधानिक व्यवस्थाको गलत प्रयोग सत्तागठबन्धनबाट भएको थियो । जसमा प्रदेश प्रमुख सहयोगी बनेका थिए । तर, सत्तागठबन्धन र प्रदेश प्रमुखको व्यवहार असंवैधानिक ठहर भएसँगै राजनीतिक कदमको जवाफ असंवैधानिक कदम हुन नसक्ने नयाँ आयाम स्थापित भएको छ । यसबाट राजनीतिक दलहरूले पाठ सिकुन् र आगामी दिनमा चालिने कदममा ख्याल गरून् ।

# माओवादी रूपान्तरणको अभियान

*नेपालको व्यवस्था रूपान्तरणको संवाहक बनेको माओवादी अब अवस्था परिवर्तनको पनि संवाहक बन्न चाहिरहेको छ । यही चाहनाको प्रकटीकरण हो माओवादीले थालेको रूपान्तरण अभियान ।*

अग्रलेख



● सन्तोष पौडेल

रूपान्तरणको शाब्दिक अर्थ हुन्छ रूपमा अन्तर आउनु । रूपको पनि बाहिरी र भित्री गरी दुई पक्ष हुन्छ । बाहिरी पक्षको बदलाव आकारमा, रंगमा र देखाइमा परिवर्तन हुनु हो भने भित्री पक्ष चरित्रमा, सारमा र व्यवहारमा परिवर्तन हुनु हो । व्यक्ति, समाज, राष्ट्र, दल जुन पक्षको कुरा गर्दा पनि रूपान्तरण एउटा परिवर्तन हो । त्यो परिवर्तन के, कसरी र कति भन्ने प्रश्न प्रधान रहन्छ । सामाजिक, सांस्कृतिक, राजनैतिक र आर्थिक पक्षमा पनि त्यही लागू हुन्छ । हामीले नेपालको सन्दर्भमा कुरा गर्दा पटक-पटक रूपान्तरणको बारेमा बहस गरिआएका छौं र अहिलेको रूपान्तरणको मुख्य हिस्सेदार नेपालको माओवादी आन्दोलन हो भन्ने आम निष्कर्ष छ ।

माओवादी आन्दोलन मूलतः परिवर्तनकामी जनताबाट उठेको र तिनै जनताबाटै पोषित र पुष्पित आन्दोलन हो । दशवर्षे जनयुद्धका क्रममा मात्र होइन संविधानसभाको निर्वाचन हुँदै शान्तिपूर्ण राजनीतिमा आएपछि पनि नेकपा माओवादी केन्द्रले २०६४ सालको संविधानसभा चुनावमा झन्डै एकमना सरकार बनाउने स्तरको ऐतिहासिक जनअनुमोदन पाएको थियो । संसदीय राजनीतिका विभिन्न उतारचढाव व्यहोरेको भए पनि नेपालमा स्थापित मूल राजनीतिक एजेन्डाको बाहक र रूपान्तरणको मूल कारक पार्टी भएकाले अहिले नेपाली राजनीतिको केन्द्रीय मियो माओवादी पार्टी र पार्टी नेतृत्व नै रहेको देखिन्छ ।

सारांशमा नेपालको व्यवस्था रूपान्तरणको संवाहक बनेको माओवादी अब अवस्था परिवर्तनको पनि संवाहक बन्न चाहिरहेको छ । यही चाहनाको प्रकटीकरण हो माओवादीले थालेको रूपान्तरण अभियान । जनयुद्धको शंखघोष गर्दै गर्दा माओवादीले आफ्नो मूल अवधारणामा लेखेको थियो- वर्गीय, लिङ्गीय, जातीय, क्षेत्रीय, आर्थिक, सामाजिक, सांस्कृतिक र सबैखाले उत्पीडनको अन्त्य गर्दै समाजको आमूल रूपान्तरणसहित साम्यवादको स्थापना गर्न जनयुद्धको बाटोमा अगाडि बढौं । माओवादीले त्यो नाराले समाजका सबै वर्ग, जाति, क्षेत्र, समुदाय र तप्कामा एउटा तरंग पैदा गरेको थियो । यसको फलस्वरूप लाखौं जनता त्यसमा लामबद्ध भए, आफैंलाई बलिदान गर्न उद्यत भए । यसले समाजको धेरै पक्षमा परिवर्तन ल्यायो । जनयुद्धकै जगमा १९ दिने ऐतिहासिक जनआन्दोलन भयो ।

जनयुद्ध र जनआन्दोलनको बलमा नेपालबाट दुई सय ४० वर्षे एकात्मक राजतन्त्रात्मक व्यवस्थाको अन्त्य भयो र नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गऱ्यो । नेपालमा महिला, दलित, मधेसी, मुस्लिम र गरीबहरुलाई दोस्रो दर्जाको नागरिकका रूपमा व्यवहार गरिन्थ्यो । छुवाछूत, दाइजोलगायतका प्रथाहरु यति चरम थियो कि जुन कल्पनै गर्न सकिन्न । माओवादी जनयुद्धले ती विषयहरूमा विभिन्न तरिकाले चेतना जागृत गराइदियो भने महिला भनेका आधा संसार ओगट्ने समूह हो र सबै तहमा सबै निकायमा महिलाको अधिकार आधा हुनुपर्छ भन्ने स्थापित गरायो । जनयुद्धमा पुरुष सरह महिलाहरु होमिए, चुलोचौकोमा र घरको पर्खालभित्र सीमित महिलाहरु हातमा बन्दुक बोकेर निस्के र महिला मात्रै होइन, सिंगै समाज रूपान्तरण र परिवर्तनका लागि सम्पूर्ण बन्धन तोडेर होमिए । फलस्वरूप पुरुष र महिला एकै रथका दुई पाङ्ग्रा मात्रै होइन समाज रूपान्तरणका मुख्य घोतक महिला हुन् भन्ने जनयुद्धले स्थापित गरायो ।

नेपाली सेना र प्रहरीमा पनि महिलाको भर्ती बढ्यो, इन्फेन्ट्रीमा महिलाको सहभागिता हुन थाल्यो, शान्ति सेनामा महिलाको सहभागिता हुन थाल्यो, समाजमा पुरुषभन्दा महिला के कम भन्ने प्रतिस्पर्धाको चेतना जागृत भयो । राजनीतिमा मात्र नभई अहिले राज्यका विभिन्न निकायमा



*अब जनतालाई व्यवस्था होइन, अवस्था बदल्ने पार्टी चाहिएको छ । माओवादीबाट अब सुशासन र समृद्धि, बेरोजगारीको अन्त्य, शिक्षाको गुणस्तर, कालाबजारीको अन्त्य, घुसखोरी भ्रष्टाचारको अन्त्य, दलाली, तस्करी र जालझेलको अन्त्य तथा समाजमा बाँकी रहेको सामन्तवादी कुप्रथाको अन्त्यका लागि हस्तक्षेपकारी भूमिका अपेक्षित छ ।*

र लोकसेवामार्फत समावेशीकरणको लाभ लिँदै प्रवेश गरेका हजारौं नागरिकको सपना माओवादी आन्दोलनका कारण सार्थक भएको यथार्थ हो । अहिलेसम्म आउँदा कार्यान्वयन तह तथा समितिहरुमा महिलाको प्रतिनिधित्व सुनिश्चित भएको छ र कार्यान्वयन भइरहेको छ ।

दलितमाथिको छुवाछूत अब व्यवहारिकरूपमै अन्त्य हुने चरणमा छ । अत्यन्तै पिछडिएको र राज्यको सधैं कोपभाजनमा पारिएको कर्णाली र सुदूरपश्चिम जस्ता क्षेत्रहरुले निश्चित कोटा नै छुटाएर राज्यको नीति निर्माण र कार्यान्वयनको इकाइमा आरक्षण पाइरहेको स्थिति छ । त्यसैगरी मधेसी, मुस्लिम, आदिवासी जनजाति, अल्पसंख्यक समुदाय र अपाङ्गलगायत समाजका सबै उत्पीडित वर्ग, क्षेत्र, जाति, समुदाय र तप्काले संविधानतः अधिकार प्राप्त गरेका छन् । अब निजामती सेवामा थारू, मुस्लिम र खसआर्य समुदायका लागि पनि आरक्षण दिने प्रस्तावसहितको विधेयक मस्यौदामा छलफल चलिरहेको छ । परिवर्तनको परिभाषाबाट हेर्दा जनयुद्धले समाजमा व्यापक र आमूल रूपान्तरण ल्याएको मान्न सकिन्छ ।

'जनतासँग माओवादी : विशेष रूपान्तरण अभियान' नाम दिइएको तीन महिने अभियान भदौ १६ गतेदेखि सुरु भएको र मंसिर १५ गतेसम्म चल्ने माओवादीले उद्घोष गरेको छ । मुलुकमा राजनीतिक परिवर्तन र रूपान्तरणकारी योजनाको नेतृत्व गर्दै आएको देशको प्रमुख शक्तिमध्ये एक माओवादी केन्द्रले यस अभियानमार्फत आसन्न निर्वाचनमा जनताको 'मन जितेर मत प्राप्त गर्ने' उद्देश्य राखेको छ । अभियानअन्तर्गत कम्तीमा २५ लाख मतदातासँग प्रत्यक्ष भेटघाट गरी पार्टी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले नेतृत्व गरेको सरकारले गरेका भ्रष्टाचार नियन्त्रण, सुशासन प्रवर्द्धन, सेवा प्रवाहमा गरिएको सुधारलगायत जनपक्षीय कामको प्रचारप्रसार गरिने, पार्टीभित्रको समस्या तथा अन्तरविरोधको पहिचान गर्ने, माओवादी नेता तथा कार्यकर्ता जनतासँग नपुग्नेलगायत गुनासाको प्रभावकारी समाधान खोजिने छ ।

अभियानको सुरुवात गर्दै पार्टी अध्यक्ष तथा प्रधानमन्त्री 'प्रचण्ड'ले यो अभियानले सुशासनसहितको समृद्धिमार्फत रूपान्तरण ल्याउने उद्देश्य सार्वजनिक गरेका छन् । देशका सातै प्रदेशका सात सय ५३ स्थानीय तहअन्तर्गत रहेका छ हजार सात सय ४३ वडाबाट एकसाथ सुरु गरिएको अभियानमा लाखौं नेता कार्यकर्ता परिचालित भएका छन् । अभियानमा सुरुवात र अन्त्यको निश्चित मात्रै गरिएको छैन, कुन दिन कसले के काम गर्नेसम्मको खाका सार्वजनिक गरिएको छ ।

माओवादी केन्द्रको गत साउनमा सम्पन्न केन्द्रीय समितिको पाँच दिने बैठकमा सहभागी नेता कार्यकर्ताले माओवादी पुरानो विचार, विरासत, शक्ति र सामर्थ्य तथा जनसम्बन्धबाट च्यूत हुन पुगेको प्रतिक्रिया आएपछि यो अभियानको वस्तुगत सुरुवात भएको हो । हुन त यसअघि पनि केन्द्रीय महाधिवेशनमा पार्टी अध्यक्ष प्रचण्डले पार्टी बिग्रिएको र विघटन गर्दा हुने भनाइ राख्दै जनतामा फर्कनुपर्ने उद्घोष गरेका थिए । गत निर्वाचनपछि लगत्तै दुई महिने एउटा अभियान पनि सञ्चालन भएको थियो । तर त्यो अभियान नाम मात्रैमा सीमित भएको माओवादीको आफ्नै विश्लेषण छ । यस पटकको अभियानको नाम नै विशेष रूपान्तरण अभियान भएकाले यो अभियानले माओवादी नेताको स्वभावमा, सम्बन्धमा, माओवादी कार्यकर्ताको आनीबानीमा, नेता कार्यकर्ताको सम्बन्ध र जनतासँगको सम्बन्धमा रूपान्तरण एवम् मूल रूपमा पार्टीको आमूल रूपान्तरण भन्ने ध्येय यो अभियानले राखेको देखिन्छ ।

जनताले यो अभियानबाट के प्राप्त गर्ने हुन त यो प्रश्न भने सबैभन्दा महत्वपूर्ण छ । यतिमात्र नभई यो अभियानले हाम्रो सपना, भावना र विभाजित मनहरुलाई जोड्नेछ भने जनताले हामी उनीहरुको सबैभन्दा नजिकको र प्रगतिशील शक्ति पनि भएको अनुभूत गर्नेछन् । जनयुद्धकालीन सबै माओवादीको एकाकार हुने र युद्धताका देखेका सपनाहरुलाई पुनर्ताजगीकरण गर्दै देश निर्माणको महान अभियानका लागि जनताको भावना बुझ्ने एउटा गतिलो चौतारी हुनेछ यो अभियान । माओवादीले व्यवस्था बदल्न आह्वान गर्दा जनताले बन्दुक बोकेर बलपूर्वक समाज रूपान्तरणका लागि योगदान गरेका थिए ।

अब जनतालाई व्यवस्था होइन, अवस्था बदल्ने पार्टी चाहिएको छ । माओवादीबाट अब सुशासन र समृद्धि, बेरोजगारीको अन्त्य, शिक्षाको गुणस्तर, कालाबजारीको अन्त्य, घुसखोरी भ्रष्टाचारको अन्त्य, दलाली, तस्करी र जालझेलको अन्त्य तथा समाजमा बाँकी रहेको सामन्तवादी कुप्रथाको अन्त्यका लागि हस्तक्षेपकारी भूमिका अपेक्षित छ । तीन महिनाका लागि सुरु भएको यो कार्यक्रम व्यवहारिकरूपमा निरन्तर चलिरहनुपर्ने देखिन्छ । पार्टी रूपान्तरण मात्रै होइन, साँच्चिकै जनताको जीवन रूपान्तरण गर्नमा यसले सार्थक भूमिका खेल्नेछ र हामी फेरि जुट्नेछौं नयाँ जोस र आत्मविश्वासका साथ भन्ने भावना आमकार्यकर्तामा जागृत गर्नुपर्नेछ ।

*(लेखक पौडेल, प्रेस सेन्टर नेपालका महासचिव हुन् ।)*

## सामाजिक सञ्जाल



**- सेतेमान तामाङ**

हरेक मानिसको व्यवहारमा मानवीयता र सोचमा मानवतावादी भावना भयो भने कसैले कहिल्यै भ्रष्टाचार, अनैतिक, हत्या-हिंसा, चोरी र लोभ क्रोधलगायत अपराधिक घटनाहरुमा संलग्नता वा सहभागी हुने थिएन । हामीले नैतिक आचरणलाई आत्मसात गर्न सकियो भने मानवतावादीको अनुभुति दिलाउन सकिन्छ ।



**- गोपी कुमार खनाल**

हामी कानुनको जंगलमा फसेका छौं । संसारमा प्रति व्यक्ति सबैभन्दा बढी कानुन भएको देश हामी नै हुनुपर्छ । बनेका कतिपय कानुन कार्यान्वयनमा छैनन् र कतिपय कानुन त काममा सहजीकरण गर्नेभन्दा काममा भाँजो हाल्ने खालका छन् । मिल्दो जुल्दो विषयमा एकीकृत संहिता कानुन बनाएर जाने बेला आइसक्यो ।



**- सुर्यराज आचार्य**

पञ्चायतका बेला सामान्य नागरिकको भेषमा राजा टोल-छिमेकमा घुम्थे, जनताका राय बुझ्थे भन्ने सुनिन्थ्यो (कति सत्य हो, प्रमाणित भने छैन) । अहिलेका ठूला दलका ठूला नेताले भेष बदलेर जिल्ला, गाउँका आफ्नै कार्यकर्ता र मतादातासँग यसो कुरा बुझे फाइदै होला । दल आयोजित भेटघाटमा खास कुरा निस्कन्नन् ।



**- भानुप्रसाद आचार्य**

हिजो दायित्वबोधमा चुक्दा आज गलपासो, आजको असाबधानी निरन्तरताको मेसो ! आक्रोश तथा निराशाले ग्रस्त समाज सन्तानको टाउको माथि नखेल कवाज ! भुराजनीतिमाथि बढ्दो कुटिलता शक्तिवानहरुको गिद्दे दृष्टिले थपिँदो जटिलता ! शासकीय कुटनीतिक कौशलको यो घडी चुकेमा सन्तानले हिर्काउनेछ छडि !


# डाइबिटिज (सुगर)बाट कसरी मुक्ति पाउने ?

स्वास्थ्य



● गुरूदेव थेवे

*डाइबिटिजको कारण पत्ता लाउन सकियो भने जुनसुकै अवस्थामा पुगेको भएपनि समाप्त गरी एउटा स्वस्थ जीवन प्राप्त गर्न सकिन्छ । डाइबिटिज एक सामान्य समस्या हो, कुनै निको नहुने रोग होइन । चिकित्सा विज्ञानले पनि प्रमाणित गरिसकेको छ ।*





डाइबिटिज किन हुन्छ ? यसको कारण पत्ता लाउन सकियो भने जुनसुकै अवस्थामा पुगेको डाइबिटिजलाई पनि समाप्त गरी एउटा स्वस्थ जीवन प्राप्त गर्न सकिन्छ भन्ने कुरा प्रमाणित भइसकेको छ । डाइबिटिज एक सामान्य समस्या हो, कुनै निको नहुने रोग होइन । खासगरी कार्बोहाइड्रेटयुक्त खानपानले आवश्यकताभन्दा बढी ग्लुकोज (सुगर) शरीरमा जम्मा हुने कारणबाट मानिसमा डाइबिटिज हुने प्रमाणित भइसकेको छ । यही नै डाइबिटिजको प्रमुख स्रोत हो । तसर्थ, हाम्रो खानपानमा सामान्य फेरबदल गर्न सकिएमा धेरै समस्या हल हुन्छ ।

**कस्ता कुरा नखाने ?**

- चामल (भात), गहुँ, मकै, जस्ता अन्न र अन्नबाट बनेको भात, रोटी, चिउरा, केक पाउरोटी, कर्नफ्लेक, मःमः, चाउचाउ, पास्ता, समोसा जस्ता कुराहरु नखाने ।
- चिनी र चिनीबाट बनेका मिठाइहरु, दुध र दुधबाट बनेका खानेकुराहरु, बिस्कुट, जङ्कफुड, ड्राइफुड र चिनी मिसाएको कुनै पनि कोल्ड ड्रिङ्क्स नखाने । घीउ, दही र मही खान मिल्छ ।
- आलु, तरुल, इस्कुसको जरा, सखरखण्ड जस्ता जमिनमुनी फल्ने कन्दमूल नखाने ।
- रातो मासु, वियर, जाँड, रक्सी जनावरको बोसो, तेल, सिन्की र रेडिमेड अचार नखाने । मासु खानै परे कम मात्रामा माछा, कुखुरा खाने । रक्सी १० एम.एल.सम्म खान मिल्छ ।

**कस्ता कुरा खाने ?**

- एक किलो चना, एक किलो भटमास र एक किलो मटर पिसाएर त्यसमा तीन किलो कोदोको पीठो मिसाई रोटी वा अन्य इच्छाअनुसारको खाना बनाई खाने । बेलुकीको खानामा रोटी, साग, सब्जी, सलाद र दाल वा गेडागुडी मात्र खाने ।
- रातो पाँच किलो दाल बराबर, एक किलो कालो दाल वा अन्य कुनै किसिमको दाल मिलाएर खाने ।
- प्रायः सबै किसिमको सागसब्जी र काँचो (कलिलो) मकै खान मिल्छ ।
- आँप, केरा, रुख कटहर, हलुवावेद, अंगुर जस्ता धेरै गुलियो फल नखाने । स्याउ, नास्पती, काँको, तरबुजा, अम्बा, मुला, गाजर, सुन्तला, कागती जस्ता प्रशस्त पानी भएका फल खान मिल्छ । बदाम, आलमोण्ड, ओखर जस्ता नट्सहरु धेरै खान हुँदैन ।
- बिहान बेलुकी खाली पेटमा एक एक चम्चा त्रिफला चूर्ण वा अन्य आयूर्वेदिक औषधी खाने गरे पनि डाइबिटिज कम गर्न मद्दत गर्छ ।
- लोकल एक पोटी लसुन हरेक बिहान सेवन गर्न पनि राम्रो हुन्छ ।
- बिहान बेलुका गरी दिनको दुई पटक मात्र खाना खाने । भोक लाग्यो भन्दैमा जहिले पायो, जे पायो त्यही टन्न नखाने, केही समय भोक लाग्न दिने, पानी चाहीँ खान मिल्छ । खाना खाँदा सधैं खाने खानाको आधा भाग मात्र खाने । हरेक बिहान डाइबिटिज कम हुने योगा गर्ने वा ३० मिनेट हिँडडुल गर्ने ।

अन्त्यमा, माथि लेखिएअनुसार खानपानको व्यवस्थापन गरेमा जुनसुकै अवस्थामा पुगेको जुनसुकै प्रकारको डाइबिटिजबाट मुक्ति पाउन सकिन्छ । उल्लेखित तथ्य लाखौं डाइबिटिज रोगीहरुको उपचारबाट प्रमाणित भइसकेको छ । अहिले यसै तथ्यलाई अनुसन्धान गरी अमेरिकन र युरोपियन चिकित्सकहरुको डाइबिटिज एसोसिएसन जर्नलले पनि डाइबिटिज रिभर्स हुन्छ भनि समाचार प्रकाशित गरेको छ ।

## तपाईंको राशिफल

| | | |
|---|---|---|
| मेष | : | प्रशस्त मात्रामा धन कमाउने योग छ । समय अनुकुल छ । |
| वृष | : | सामाजिक सहयोग बढ्नेछ । मनोबल उच्च रहनेछ । |
| मिथुन | : | शैक्षिक कार्यमा सफलता मिल्नेछ । लेनदेनमा सावधानी राख्नुहोला । |
| कर्कट | : | यात्रा सफल र सुखद रहनेछ । नाता-गोतासित भेटघाटको योग छ । |
| सिंह | : | कुनै पनि कार्यमा हतार नगर्नु होला । नयाँ काम बन्नेछ । |
| कन्या | : | दैनिक कार्य सफल हुनेछ । सबै कार्यमा सावधानी राख्नुपर्छ । |
| तुला | : | पारिवारिक जीवन सुखी रहनेछ । विरोधी कमजोर हुनेछन् । |
| वृश्चिक | : | महत्वपूर्ण भेटघाट सफल हुनेछ । स्वास्थ्य राम्रो रहनेछ । |
| धनु | : | आर्थिक कार्यहरुमा अनुकूल प्रगति हुनेछ । आहारमा ध्यान दिनुहोला । |
| मकर | : | धार्मिक कार्यमा रुचि बढ्नेछ । राजनैतिक समारोहमा सहभागी हुनु पर्नेछ । |
| कुम्भ | : | भूमि लाभ हुनेछ । कार्यहरुमा सावधानी राख्नुपर्छ । |
| मीन | : | शैक्षणिक कार्यमा प्रगतिको योग छ । शान्तिमा वृद्धि हुनेछ । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

मध्यान्ह दैनिकका लागि लेख, विचार र टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुनेछ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइनेछ । - सं.

# एमाले कर्णाली प्रदेश अधिवेशनको लोगो सार्वजनिक

**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, २१ भदौ




नेकपा एमाले कर्णाली प्रदेशको प्रथम अधिवेशनको लोगो सार्वजनिक भएको छ । आगामी असोज १० र ११ गते वीरेन्द्रनगरमा हुने प्रथम प्रदेश अधिवेशनको लोगो सार्वजनिक भएको हो । बिहीबार वीरेन्द्रनगरमा पत्रकार सम्मेलनमा गर्दै नेकपा एमाले कर्णाली प्रदेशका इन्चार्ज लेखराज भट्टले उक्त लोगा सार्वजनिक गरेका हुन् ।

कर्णालीका ताल तथा अन्य कुराहरुलाई प्रतिनिधित्व हुने गरी चित्रांकन गरी लोगोमा समेटिएको छ । साथै असोज १० र ११ गते वीरेन्द्रनगरमा अधिवेशन सम्पन्न हुने भएकोले लोगोमा सुर्खेतको काँक्रेविहारलाई पनि प्रस्तुत गरिएको छ। यस्तै मुगको रारा ताल, तालको छेउको हिमाल माथिबाट सूर्य उदाएको जस्तो देखाइएको छ । लोगोमा पार्टीको लाल झण्डा पनि फहराइएको छ । लोगोमा रातो, सेतो, निलो, पहेँलो लगायतको रंग समावेश भएको छ ।

अधिवेशनको पार्टी अध्यक्ष केपी शर्मा ओलीले असोज १० गते उद्घाटन गर्ने कार्यक्रम तय भएको छ । प्रदेश अधिवेशनको तयारीका लागि प्रदेश इञ्चार्ज, प्रदेशका पदाधिकारी, कर्णाली प्रदेशका केन्द्रीय सदस्य र एमाले कर्णालीका नेता कार्यकर्ता तोकिएको जिम्मेवारीअनुसार काममा जुटेका छन् ।

अधिवेशनमा करिब ६५० प्रतिनिधिको सहभागिता रहने छ । अधिवेशनको प्रतिनिधि छनोट अनुपात भूगोल खुलातर्फ १०० पार्टी सदस्य बराबर १ हुने, दलिततर्फ ७५ पार्टी सदस्य बराबर १ जना प्रतिनिधि हुने र छनोट भएका प्रतिनिधिमध्ये एकतिहाइ महिला संख्या अनिवार्य हुनुपर्ने बताइएको छ । प्रतिनिधि छनोटको आधार भूगोलका लागि पालिका र दलिततर्फका लागि प्रदेश निर्वाचन क्षेत्र रहने छ । साथै दलित पार्टी सदस्यले दलित वा भूगोलमध्ये कुनै एक क्षेत्र रोज्न सक्नेछन् । प्रतिनिधि छनोटको व्यवस्थापन भूगोलको लागि सम्बन्धित पालिका कमिटी र दलितका लागि सम्बन्धित प्रदेश निर्वाचन क्षेत्र समन्वय कमिटीले गर्नेछ ।

शेष रहेको ५० प्रतिशत अंक बराबर एक जना प्रतिनिधि थप हुने व्यवस्था समेत गरिएको छ । तर कुनै क्षेत्रमा आधारसंख्या भन्दा कम भएमा उक्त क्षेत्रबाट एक जना प्रतिनिधिको सुनिश्चितता गरिएको छ। एमालेले कर्णाली प्रदेश अधिवेशनका लागि भदौ ३० गते प्रतिनिधि चयन गर्ने भएको छ । नेतृत्व चयनका लागि जतिसक्दो सहमतिको प्रयास हुने इन्चार्ज भट्टले बताएका छन् ।

उनले यदी सहमति नभएको खण्डमा नेकपा एमाले लोकतान्त्रिक अभ्यासलाई मान्यता दिने पार्टी भएकाले सोही आधारमा भए पनि नेतृत्व चयन गरिने बताएका छन् । उनले कर्णालीमा गुट उपगुट भएको कुप्रचार गरिएता पनि कुनै गुट उपगुट नभएको दाबी गरेका छन् ।


## साउदीमा रोजगार

कम्पनी: AL RASHID ABETONG COMPANY
शहर: Riyadh

पुर्व स्वीकृत मितिः २०८०/०५/२१ | चलानी नं.: ६०२०७३५५ | L.T. No.: 292163

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 54 | 0 | स. काममा दक्ष | 1000 | ३५,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० भदौ २९ र ३० गते (15 & 16 September 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**Lulu International Pvt. Ltd.**
Govt. Lic. No. 1035/072/073
Kathmandu-26, Samakhusi, Tel: 4950151 | 4951637
Mob. : 9851083549 | 9802087028 | 9818065184

## Cyprus मा बैदेशिक रोजगारको अवसर

१. कम्पनी: E.G. Estia Cyprus Private Employment Agency, Paphos, Cyprus

पूर्व स्वीकृत मिति २०८०।०५।२१ | चलानी नं. ६०२०७३२४ | LT.No. 292226

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब Euro | मासिक तलब ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestic Worker | - | 20 | काममा दक्ष | 314 | ४४,६९२।- | ६ दिन | ८ घण्टा | क. नि. अनुसार | | छ | | २ वर्ष |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/ नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क र कुल लागत सहित |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने रोजगारदाता कम्पनीले | नि:शुल्क | नि:शुल्क | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १,५००।- | रु.३५,०००।- |

अन्तर्वार्ता मिति २०८० भदौ २९ गते (15 Sept, 2023) मेनपावर कार्यालय सामाखुसीमा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- [illegible]

**Om Shree Mahashakti Employment Pvt. Ltd.**
Gov. Lic. No. 200/057/058
Samakhushi-26, Town Planning, KTM,Phone:- +977-1-4357662
Email:- radhabudhathoki@hotmail.com, www.osmefw.com



## युएईमा रोजगार | CHINA RAILWAY 18TH BUREAU GROUP L.L.C

शहर: UAE

पूर्व स्वीकृत मिति: २०८०/०५/२१ | चलानी नं.:६०२०७३४० | L.T. No.: 292233

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Stone Mason | 65 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,३६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Carpenter | 72 | 0 | | 1200 | ४३,३०६८ | | | | | | | |
| 3. | Steel Fixer | 42 | 0 | | 1200 | ४३,३६८ | | | | | | | |
| 4. | Building Laboure | 18 | 0 | | 1000 | ३६,१४० | | | | | | | |
| 5. | Cons.carpenter Assit | 5 | 0 | | 1000 | ३६,१४० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० भदौ २९ गते (15 September 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**ADVANCED MANAGEMENT CONSULTANTS** "manpower supply & recruitment consultant"
Govt. License No.: 1470/074 /075
TOP1 (FY 2020-2021) | TOP 11 (FY2021-2022) | ISO 9001:2015
**एडभान्स्ड म्यानेजमेन्ट कन्सल्टेन्स प्रा.लि.**
Samakhushi-26, Kathmandu, Nepal | 01-4964211, 4974211
info@amgroup.com.np | www.amgroup.com.np
Talk with AMC Representative: 9801080183, 9801029663, 9801044493, 9801021737, 9801080059, 9801044492, 9817002440, 9801080096



## कतारमा रोजगारको अवसर | कम्पनी: MR SPIDER SERVICES

शहर: DOHA

पुर्व स्वीकृत मिति: २०८०/०५/२१ | चलानी नं.: ६०२०७३५१ | L.T. No.: 292145

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 2 | 0 | स. काममा दक्ष | 1000 | ३६,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: DARWISH INTERSERVE FACILITY MANAGEMENT WLL | शहर: Qatar, Doha

पुर्व स्वीकृत मिति: २०८०/०५/२१ | चलानी नं.: ६०२०७३५० | L.T. No.: 292148

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Clean Worker | 25 | 206 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | labour | 28 | 0 | | 1000 | ३६,४०० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० भदौ २९ गते (15 September 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**QATAR INTERNATIONAL MANPOWER PVT. LTD.** 2022
Gov. Lic. No. 1578/079/80
Tokha-05, Basundhara, Kathmandu
Ph. No.: 01-5914971
Mobile : 9851349039
E-mail: info@qim.com.np



## बैदेशिक रोजगार | Hiap Seng Engineering Limited FZC, UAE

पूर्व स्वीकृती मिति: २०८०/०५/२१ | चलानी नं.: ६०२०७३३६ | LT: 292132

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED. | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Blaster Painter | 10 | 0 | काममा दक्ष | 1200 | ४३,५२०।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | | २ वर्ष |
| २. | Carpenter | 10 | 0 | | 1200 | ४३,५२०।- | | | | | | | |
| ३. | Electrician | 10 | 0 | | 1200 | ४३,५२०।- | | | | | | | |
| ४. | Fitter | 10 | 0 | | 1200 | ४३,५२०।- | | | | | | | |
| ५. | Grinder | 10 | 0 | | 1200 | ४३,५२०।- | | | | | | | |
| ६. | Helper | 30 | 0 | | 800 | २९,०१३।- | | | | | | | |
| ७. | Mason | 10 | 0 | | 1200 | ४३,५२०।- | | | | | | | |
| ८. | Rigger Supervisor | 2 | 0 | | 1200 | ४३,५२०।- | | | | | | | |
| ९. | Riggers | 10 | 0 | | 1200 | ४३,५२०।- | | | | | | | |
| १०. | Scaffolder | 20 | 0 | | 1200 | ४३,५२०।- | | | | | | | |
| ११. | Welder | 10 | 0 | | 1200 | ४३,५२०।- | | | | | | | |

2. First Company Limited, Saudi Arabia

पूर्व स्वीकृती मिति: २०८०/०५/२१ | चलानी नं.: ६०२०७३३८ | LT: 292217

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR. | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Kitchen Helper | 6 | काममा दक्ष | 1000 | ३५,४६९।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

3. Khaled Suleiman Al-ghaslan, Saudi Arabia

पूर्व स्वीकृती मिति: २०८०/०५/२१ | चलानी नं.: ६०२०७३३९ | LT: 292215

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR. | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Factor | 1 | काममा दक्ष | 1000 | ३५,४६९।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/ रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,०००।- कामदार आफैले | रु. ७००।- कामदार आफैले | नि:शुल्क |

अन्तरवार्ता २०८० भदौ २९ गते (15 Sept., 2023) यस प्रा. लि. को कार्यालय बसुन्धारा, काठमाडौमा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराईको जानकारी: [illegible]

**एसिया प्यासिफिक रिक्रुटमेण्ट सर्भिस प्रा. लि.** श्रम ई.नं.: ५१२/०६१/०६२
बसुन्धारा, काठमाण्डौ,फोन : ०१-५९०६१७१, ५९१६१७१ Email : uddabg2@gmail.com


## फेदाप गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**पोक्लावाङ, तेह्रथुम**
**कोशी प्रदेश, नेपाल**

## लम्पी स्किन सम्बन्धी जनहितमा जारी सन्देश

- यो एक प्रकारको भाइरस (पक्स समूहको काप्रीपक्स भाइरस)बाट गाईभैंसीमा लाग्ने रोग हो । यो रोग भैंसीहरुमा भन्दा गाईहरुमा बढी देखिन्छ ।
- पहिला अफ्रिकामा सीमित यो रोग सन् २०१२ पछि मध्य पूर्व, दक्षिण युरोप, रसिया, काजकिस्तान हुँदै बंगलादेश र भारतमा पनि केही महिना अगाडि देखा परेको थियो ।
- अहिले नेपालको मोरङ, झापालगायतका पूर्वी क्षेत्रमा यो रोगको लक्षण देखिइ सयौं गाईहरु बिरामी परेको र केही मरेको जानकारी आइरहेको हुँदा सतर्कता अपनाऔं ।

### मुख्य लक्षणहरूः

- कचेरा निकाल्ने, सिंगान बग्ने तथा फिंज धेरै निकाल्ने
- शरीरका विभिन्न भागहरुमा विशेष गरी घाँटी, पछाडिको खुट्टाहरुमा, पेट र थुन वरिपरि सानादेखि ठूला गिर्खाहरु देखिने
- उच्च (१०४ फरेनहाइट वा माथि) ज्वरो आउने
- दुध उत्पादन २५-८०% सम्म घट्न सक्ने
- गर्भ तुहिने तथा बाँझोपना देखिन सक्ने
- मृत्युदर कम भए पनि धेरै पशुहरु (५-४५%) बिरामी हुन सक्ने

### रोग सर्ने मुख्य कारणहरू

- लामखुट्टे, झिंगा, किर्ना आदिको टोकाईबाट
- संक्रमित गाईभैंसीको ओसार पसार र लसपसबाट
- संक्रमित गाईभैंसी र स्वस्थ गाईभैंसीलाई उपचारको क्रममा एउटै सुई प्रयोग गरेमा



### उपचार तथा रोकथाम

- ठोस उपचार छैन ।
- प्राविधिकको सल्लाहमा लक्षण अनुसारको उपचार ।
- खोप (नेपालमा हालसम्म उपलब्ध छैन ।)
- संकमित क्षेत्रबाट गाईभैंसीको ओसारपसार नियन्त्रण ।
- लामखुट्टे, भिंगा, किर्ना आदिको नियन्त्रण र गोठ वरिपरिको वातावरण सफा राख्ने ।

## भूल सुधार

मिति २०८०/०५/२१ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित मलेसियामा रोजगारको अवसर शिर्षकमा कम्पनीको नाम: **KILANG SAWIT C.P. SDN.BHD.**, LT. No. 292070, चलानी नं.: **६०२०७३०३** र पूर्व स्वीकृत मिति: **२०८०/०५/१९** को विज्ञापनमा कामदारको पद Factory Worker **संख्या ८** हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ ।

**मदरल्याण्ड ओभरसिज प्रा. लि.**
श्रम इजाजत पत्र नं. ३३८/०५९/०६०
Opposite of Basundhara Chowki, Kathmandu, Nepal
Fax: 436474, Phone: 01-4361111, 4366318
Email : cv@motherlandoverseas.com

## माइग्रेसन सर्टिफिकेट हराएको सूचना

मिति २०८०/०२/२५ गते बल्खुबाट कालिमाटी जाने क्रममा मेरो निम्न विवरण भएको +२ को माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावहरुले निम्न सम्पर्क नम्बर वा नजिकको प्रहरी कार्यालयमा बुझाईदिनु हुन अनुरोध छ ।

नाम : अन्जना राई
रजिष्ट्रेसन नं. : ७७७७६२०११
सिम्बल नं. : २७७०७११०

सम्पर्क नं. ०१-५२३४१५९

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८०/०५/२२**

**हिमालय एक्सप्रेस कार्गो एण्ड कुरियर प्रा.लि.** को मिति २०८०/०५/१० गते सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **हिमालय प्रेस मिडिया प्रा.लि. (प्रा.लि. नं.: ३१२५८८)** कायम गर्ने गरी मिति २०८०/०५/१० गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## दावी विरोध सम्बन्धी
## बैदेशिक रोजगार विभाग काठमाडौंको
## सूचना

सातौं पटक प्रकाशित मिति: २०८०/०५/२२ गते

यस विभागबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजतपत्र प्राप्त संस्था **टाईम्स म्यानेजमेन्ट सिस्टम प्रा.लि.** (इ.प्र.नं.९४४/०६७/०६८) को काठमाडौं जिल्ला टोखा.न.पा. वडा नं. ०९ मा रहेको कार्यालयको साविकको ठेगाना परिवर्तन गरी काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ०३ कायम गर्न माग भई आएकोले उक्त प्रा. लि. को माग बमोजिम साविकको ठेगाना परिवर्तन गर्दा कोही कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस विभागको संस्था दर्ता शाखामा उजुरी/निवेदन पेश गर्नु हुन अनुरोध छ। अन्यथा कानुन बमोजिम भई जाने व्यहोरा समेत यसै सूचना द्वारा जानकारी गराईन्छ ।

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६५/१०/१३ मा दर्ता भएको **प्रा.लि. नं. ५९९०९/०६५/०६६** को **मुनाल फ्युचर लाइफ बोर्डिङ्ग स्कूल प्रा.लि.** को मिति २०८०/०५/२० को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटर: श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगाना: बबरमहल, काठमाडौं, फोन नं. ९८५१२१७००४**

# Kamal Rural Municipality
# Office of Rural Municipal Executive
**Koshi Province, Jhapa**

## Invitation for Electronic Bids

**First Date of publication: 2080/05/22 (2023/09/08)**

1. Kamal Rural Municipality, Topgachhi, Jhapa invites electronic bids from eligible bidders for the following.

| Contract ID No. | Name of the Procurement | Procurement method | Pre Bid Meetting | Bid Security Amount (Nrs) | Bid Document Fee (NRs) | Bid Submission Date | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|
| 09/KRM/ STATIONERY/ 2080/081 | Procurement of Stationery and Printing Materials. | NCB-GOODS | 2023/09/28 (2080/06/11) 11:00 AM | 66,500.00 | 3,000.00 | 2023/10/08 (2080/06/21) 12:00 NOON | 2023/10/08 (2080/06/21) 13:00 PM |
| 10/KRM/ MEDICINES/ 2080/081 | Supply and Delivery of Medicines | NCB-GOODS | | 1,75,000.00 | 3,000.00 | | |

2. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of Kamal Rural Municipality, Topgachhi, Jhapa 023-475081, info@kamalmun.gov.np or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.

**Chief Administrtive Officer**

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
२२ भदौ २०८०, शुक्रबार
8 September 2023, Friday

## रुकुम पश्चिम डायरी

प्रचण्ड खत्री/मध्यान्ह

## ११ वर्षीया छोरीले गरिन् आमाको किरिया



रुकुम पश्चिमको बाँफिकोट गाउँपालिका वडा नम्बर ८ की ११ वर्षीया सन्ध्या बिक आमाको किरिया बसेकी छिन्। आमा अस्मिता बिकको उपचारका क्रममा निधन भएपछि छोरी सन्ध्या ११ वर्षको उमेरमै आमाको किरिया बसेकी हुन्।

छोराले किरिया बस्ने परम्परा रहेपनि पछिल्ला वर्षहरुमा भने छोरीहरु पनि किरिया बस्ने गरेका छन्। सन्ध्या अस्मिता बिक र पहलसिंह बिककी एक मात्र सन्तान हुन्। सन्ध्या कक्षा ५ मा अध्ययनरत छिन्।

छोरा मान्छे मात्रै काजक्रिया वस्नु पर्छ भन्ने परम्परागत रिति तोड्दै आमाको निधन भएपछि एक मात्र सन्तान सन्ध्या आमाको किरिया बसेकी हुन्। उपचारको क्रममा मृत्यु भएकी अस्मिताको नेपालगञ्जबाट रुकुम पश्चिम ल्याएर मुसिकोट नगरपालिका वडा नम्बर ३ को मुग्लुखोलामा अन्त्येष्टि गरिएको थियो।

### बाँफिकोट गाउँपालिकामा स्तनपान कक्ष

रुकुम पश्चिमको बाँफिकोट गाउँपालिकामा बिहीबारबाट स्तनपान कक्ष सञ्चालनमा ल्याइएको छ। गाउँपालिकाले आफ्नै भवनमा स्तनपान कक्ष सञ्चालनमा ल्याएको गाउँपालिकाकी उपाध्यक्ष तारा बुढा केसीले जानकारी दिइन्।

गाउँपालिकामा सेवा लिन र दिन आउनेले आफ्ना बच्चाहरुलाई सोही कक्षमा स्तनपान गराउन सक्ने उपाध्यक्ष केसीले बताइन्। यसअघि गाउँपालिकामा स्तनपान कक्ष सञ्चालन नहुँदा आमाहरुलाई स्तनपान गराउन समस्या पर्ने गरेको थियो। सेवा शुरु भएसँगै सो समस्या हटेको उपाध्यक्ष केसीको भनाइ छ।

## घरभित्रै महिलाको शव भेटियो लुटपाटपछि हत्या गरिएको आशंका

**धनकृष्ण विश्वकर्मा/मध्यान्ह**
बाजुरा, २१ भदौ



बाजुराको बुढीनन्दा नगरपालिका १० पाण्डुसैन बस्ने जयपुरा शाही मृत भेटिएकी छिन्। घाँटीमा डोरी बाँधिएको र अनुहारसहित शरिरमा निगडाम भएको अवस्थामा मृत भेटिएकी आफन्तले बताएको छ।

लामो समयदेखि माइती घरमा एक्लै बस्दै आएकी ५५ वर्षीया शाहीको हत्या हो कि ?, आत्महत्या भन्नेमा अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ। आफन्तले श्रीकृष्ण जन्मअष्टमीको दिन बाहिर नदेखिएपछि घरभित्र गएर बोलाउन खोज्दा मृत अवस्थामा भेटिएकी छिमेकी केशर कुमार बोहराले बताए।

घरभित्र २ वटा गिलास, सुप सहितको चाउचाउ सँगै राखिएको, छेउमै धाँटीमा डोरी बाँधेर सुताएको अवस्थामा शाही फेला परेकी हुन्। घरमै सानो पसल गरी बस्ने शाहीको हत्या गरिएको आफन्तको दाबी छ। सुताएकै अवस्थामा धाँटीमा पासो लगाएर मर्ने अवस्था नहुने र मर्नुको कुनै कारण समेत नरहेकोले हत्या गरिएको उनीहरुको दाबी छ।

मुगुको नखर्ची घर भएकी शाही करिब डेढ दशकयता माइती घरमै बस्दै आएकी थिइन्। श्रीमानले अर्को विवाह गरेपछि शाहीलाई माइतीले घर दिएर आफूहरु शहर बस्न थालेका थिए। घरमा पसल नियमित चलाउने र पुरानो गरगहनासहितको सम्पत्ती देखेर डाँका लागेको र थाहा पाएपछि हत्या गरिएको हुन सक्ने आफन्तले दाबी छ। आफन्तले ५० लाख रुपैयाँ बढीको चल अचल सम्पत्ती लुटपाट भएको बताएका छन्।

उक्त घटनाको संसदमा समेत विषय उठेको छ। राप्रपा नेपालका महामन्त्री धवलसमशेर राणाले संसदमै ५० लाख लुटपाट गरी हत्या गरिएको र छानबिन गरी दोषीलाई कडा कारबाहीको माग गरेका छन्। मृतक शाही राप्रपा नेता धर्मबहादुर मल्लकी आफ्नै बहिनी हुन्। शाहीको शवलाई कोल्टी प्राथमिक स्वास्थ्य केन्द्रमा पोष्टमार्टम गरिएको छ। आफन्तले अनुसन्धान सिहत हत्यारा पत्ता लगाउन जाहेरी समेत दिएका छन्। छिमेकीभन्दा केही पर एक्लो घर भएकोले रातको समयमा गाउँका कसैले पनि थाहा नपाएको बताइएको छ। घटनाको प्रहरीले अनुसन्धान शुरु गरिसकेको छ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६९/१२/१५ मा दर्ता भएको **प्रा.लि. नं. १११००९** को **सोल्विन इनर्जी प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०५/२१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**अत्यन्त जरूरी सूचना**

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न ईजाजत प्राप्त यस **ईम्पावर ओभरसिज प्रा. लि** (ई.नं. ११०६/०७३/०७४) को नाम लिई विभिन्न अनाधिकृत व्यक्तिहरुले रकम उठाएको भन्ने सुन्नमा आएकोले कोही कसैले पनि निजहरुलाई रकम नबुझाउनुहोला यस प्रा. लि. ले नेपाल सरकारको नियमानुसार निःशुल्क रुपमा मात्र बैदेशिक रोजगारीमा कामदारहरु पठाउने भएको हुनाले अनाधिकृत व्यक्तिहरुको प्रलोभनमा परी आर्थिक लगायत अन्य कारोबार नगर्नु/नगराउनुहोला। अन्यथा यस प्रा.लि. जवाफदेही नहुने ब्यहोरा यसै सुचनाद्वारा जानकारी गराईन्छ।

**ईम्पावर ओभरसिज प्रा. लि.**
श्रम ईजाजत नं.: ११०६/०७३/०७४
सामाखुशी, काठमाडौं, फोन: ०१-४४८८४०६

# प्रधानमन्त्री दाहाल लहान आउँदै

**राजेन्द्र महतो/मध्यान्ह**
सिराहा, २१ भदौ



सिरहाको लहान नगरपालिका वडा नं १४ स्थित प्रदीप गिरीको आश्रममा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड आउने भएका छन्। भदौ २२ गते प्रदिप गिरीको आश्रम लहान -१४ मा प्रथम वार्षिकोत्सवको अवसरमा प्रधानमन्त्री दाहालद्वारा गिरीको पूर्णकदको शालिक अनावरण गर्ने कार्यक्रम रहेको छ।

कार्यक्रमको तयारीको लागि लहान नगरपालिकाका मेयर, उपमेयर, प्रमुख जिल्ला अधिकारी लगायतका सुरक्षा निकायका प्रमुखहरुद्वारा स्थलगत निरीक्षण समेत गरेका छन्।

प्रधानमन्त्री सवार हेलिकोप्टर स्थानीय बस्तीपुर माविको परिसरमा अवतरण गरिने भएको छ। प्रधानमन्त्री आउने भएपछि सिरहाका सुरक्षा निकायद्वारा स्थलगत निरीक्षण गरेका छन्। लहान-१४ को खुट्टी खोलाको छेउमा गिरी २०४६ सालपछि बस्दै आएको ठाउँ जसलाई प्रदिप गिरीको आश्रम भनेर चिनिन्छ। समाजवादी चिन्तनका नेता गिरी नेपाली राजनीति वृत्तमा सरल नेताको रूपमा चिनिन्छन्।

घाँटीको क्यान्सरबाट पीडित गिरीको २०७९ भदौ ४ गते मेडिसिटी अस्पतालमा उपचारको क्रममा निधन भएको थियो।

## मुसिकोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**मुसिकोट, रुकुम (पश्चिम)**
**कर्णाली प्रदेश, नेपाल**

### नदिजन्य पदार्थको उत्खनन, संकलन र विक्री वितरण सम्वन्धि वोलपत्र/शिलवन्दी दरभाउ पत्रको सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०८०/०५/२२ गते)**

स्थानीय सरकार संचालन ऐन २०७४, को दफा ६२ क. र मन्त्रालयको ढुङ्गा, गिट्टी, वालुवा विक्री तथा व्यवस्थापन सम्वन्धि मापदण्ड २०७७ दफा ४(घ) को व्यवस्था बमोजिम तपसिलमा उल्लेखित नदीहरूको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन गरी यस मुसिकोट नगरपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.ब. ०७८/०७९ को कर चुक्ता प्रमाण पत्र र नेपालि नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरूको अधिनमा रही वोलपत्र/शिलवन्दि दर भाउपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

| सि.न. | सुचना नं. शिलवन्दी दर भाउपत्र नं. | शिलवन्दी दरभाउपत्रको नाम | उत्खनन परीणाम (घन फिट) | न्यूनतम बोलपत्र रकम( सेवा शुल्क र मु.अ. कर बाहेक) | धरौटी रकम ५% | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १ | मु.आ.आ.शिल. ०८०/०८१-१.०१ | प्रियतरा (दुरे) खण्ड वगर मु.न.पा. १४ | ३०४८१९/२० | ९१४४५७/६० | ५१७००.०० | १०००.०० |
| २ | मु.आ.आ.बोल. ०८०/०८१-१.०१ | मुग्लुखोला किनार वगर मु.न.पा. १३,३ | ६६०१२४/०८ | १९८०३७२/२४ | १२८८००.०० | ३०००.०० |
| ३ | मु.आ.आ.शिल. ०८०/०८१-१.०२ | लामिताल बगर मु.न.पा. २ | २१३७५४/४६ | ६४१२६३/३९ | ३६३००.०० | १०००.०० |
| ४ | मु.आ.आ.शिल. ०८०/०८१-१.०३ | गाराघाट बगर मु.न.पा. १ | २३३३७७/२० | ७००१३१/६० | ३९६००.०० | १०००.०० |
| ५ | मु.आ.आ.बोल. ०८०/०८१-१.०२ | भलखोला किनार बगर मु.न.पा. १ | ६१९१६४/०० | १८५७४९२/०० | १०५०००.०० | ३०००.०० |

**शर्तहरू :**

१. फर्मको हकमा नविकरण भएको दर्ता प्रमाणपत्र, मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, **आ. ब. ०७८/०७९** को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि व्यक्तिको हकमा नेपालि नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, **वोलपत्र/शिलवन्दि दर भाउपत्र** फारम खरिद दस्तुर बापत यस कार्यालयमा नगदै तिरेको नगदी रसिद वा **नेपाल बैंक लिमिटेड** शाखा कार्यालय **मुसीकोट, रुकुम (पश्चिम)**मा रहेको यस कार्यालयको **आन्तरिक राजश्व खाता नं.** ०७७०३०००००१००१००००००१ मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले **१६/३१** औं दिनको कार्यालय समयभित्र कार्यालयबाट **वोलपत्र/शिलवन्दि दर भाउपत्र** फाराम खरिद गर्न सकिनेछ। बोलपत्र/शिलवन्दि दरभाउपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को लगत्तैपछि कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ।

२. बोलपत्र/शिलवन्दि दरभाउपत्र सम्बन्धि फारम भर्दा कवोल रकम अक्षर र अङ्कमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ। आफुले कबुल गरेको अंकको **५ प्रतिशत** को दरले हुन आउने धरौटी रकम यस कार्यालयको नेपाल वैंक लिमिटेड मुसिकोट, रुकुम (पश्चिम) शाखामा रहेको **धरौटी खाता नं. ०७७०३००००३००००००००१** मा जम्मा गरी सो को सक्कल बैंक भौचर वा क वर्गको वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको **१२०/७५** दिनको म्याद भएको विड बण्ड बोलपत्र/शिलवन्दि दरभाउपत्र साथ पेश गर्नुपर्नेछ।

३. पेश गरेको शिलवन्दी दरभाउ पत्रहरुमा बोलपत्रदाताले प्रत्येक पानामा सहिछाप गरी सिलबन्दी गरि खाम बाहिर फारामको नाम, ठेगाना, कामको विवरण, शिलवन्दी दर भाउपत्रको बिबरण प्रोपराइटरको नाम, ठेगाना, फोन नं., मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सुचना पकाशित भएको मितिले **१६/३१** औं दिन दिनको **१२.००** बजे भित्र यस कार्यालमा हार्डकपि दर्ता गर्नुपर्ने छ।

४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र/शिलवन्दि दरभाउपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन। रितपुर्बक पर्न आएका बोलपत्र/शिलवन्दि दरभाउपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको **१३.००** बजे विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरूको रोहवरमा यस कार्यालयमा खोलिने छ। बोलपत्र/शिलवन्दि दरभाउपत्र दाता वा निजको प्रतिनिधि शीलवन्दी दरभाउ पत्र खोल्ने समयमा उपस्थित नभएमा पनि बोलपत्र/शिलवन्दि दरभाउपत्र खोल्न वाधा पर्नेछैन। उक्त दिन विदा परेमा सो कार्य बिदाको लगत्तैपछि कार्यालय खुलेको दिनमा गरिनेछ।


५. बोलपत्र/शिलवन्दि दरभाउपत्र सम्बन्धी बिस्तृत जानकारी बोलपत्र/शिलवन्दि दरभाउपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ। म्याद नाघी, रित नपुगी वा शर्त सहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुनेछैन। शीलवन्दी दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

६. बोलपत्र/शिलवन्दि दरभाउपत्र स्विकृत भएमा सोको सूचना पाएको मितिले **१५** दिनभित्र मु.अ. दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ता बापत **५०** प्रतिशतले हुने रकम कार्यालयको विभाज्य कोष खातामा दाखिला गर्नु पर्नेछ। र वांकी **५०%** रकम वरावरको २०८१ साल आषाढ मसान्त सम्म म्याद भएको निशर्त वैंक ग्यारेण्टी उपलब्ध गराउनुपर्ने छ। वैंक ग्यारेण्टी वमोजिमको वांकी रकम **जेष्ठ मसान्त** भित्र कार्यालयको**विभाज्य कोष खाता**मा दाखिला गरिसक्नु पर्ने छ। साथै बोलपत्र कवोल गर्ने व्यक्ति वा फर्मले आफुले कबुल गरेको अङ्क, सेवा शुल्कबापत हुन आउने जम्मा रकमको नियम अनुसार थप **१३%** भ्याट रकम समेत यस कार्यालयमा बुझाउनुपर्नेछ।

७. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा रकम जफत गरी नियमअनुसार बोलपत्र बन्दोबस्त गरिनेछ। यस नगरपालिकाका नदी तथा नदीहरूको उत्खनन क्षेत्र र उत्खनन परिमाणका सन्दर्भमा स्थानीय सरकार संचालन ऐन, २०७४ सम्बन्धित स्थानीय तहबाट जारी भएका कानुन, प्रदेश कानुन तथा अन्य प्रचलित कानूनमा मापदण्ड बमोजिम हुनेछ। साथै यस कार्यबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अङ्ग मानिने छ।

**प्रमुख प्रशासकीय अधिकृत**

# मानव केन्द्रित विश्वविकासमा मोदीको जोड



**काठमाडौं/एजेन्सी–** भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले मानव केन्द्रित विश्वविकासमा जोड दिएका छन् । युरोपेली संघसहित १९ वटा विशाल अर्थतन्त्र भएका राष्ट्रको अन्तर सरकारी संगठन जी २० शिखर सम्मेलन आयोजक राष्ट्रका प्रधानमन्त्रीले शनिबारदेखि नयाँदिल्लीमा आयोजना हुने दुईदिने शिखर सम्मेलनका सन्दर्भमा बिहीबार प्रकाशन गरेको आलेखमा समावेशी विश्वविकासमा जोड दिएका हुन् ।

संस्कृत सुक्ति 'वसुधैव कुटुम्बकम्' अर्थात पृथ्वीका सबै मानिस एकै परिवारका सदस्य हुन् भन्ने आशययुक्त शिखर सम्मेलनको नाराबाट प्रारम्भ गरेको आलेखमा उनले वसुधैव कुटुम्बकम्को समावेशी दृष्टिकोणले मानव समाजलाई सिमाना, भाषा र दर्शनभन्दा माथि उठेर एक विश्वव्यापी परिवारका रुपमा अघि बढ्न प्रेरित गरेको बताएका छन् ।

भारतका प्रधानमन्त्रीले साझा भविष्यका निम्ति विश्वका सबै मानवबीच एकता हुनुपर्ने, विश्ववासी एक परिवारका रुपमा हातेमालो गर्दै साझा प्रगति र समृद्धि प्राप्तिका लागिअ अघि बढ्नुपर्नेमा जोड दिएका छन् । कोभिड-१९ पछिको विश्वव्यवस्थामा परिववर्तन आएको, कुनै पनि देशको आर्थिक उन्नयनको मापक कुल गार्हस्थ्य उत्पादनलाई त्यागेर अब मानव केन्द्रित दृष्टिकोण विकास गर्नुपर्ने, विश्वव्यापी आपूर्ति शृङ्खलामा अवरोध हुननदिनेतर्फ सचेत हुनुपर्ने तथा विश्वसंस्थाहरूलाई बहुपक्षीयताका पक्षमा अभिप्रेरित गर्न आवश्यक भएको आलेखमा उल्लेख गरेका छन् । आर्थिक एवम् औद्योगिकरुपमा कम विकसित देशहरूलाई एकैस्थानमा उभ्याउने 'ग्लोबल साउथ' को अवधारणा तथा अफ्रिकाका विकासशील मुलुकका सीमान्तकृत आकांक्षालाई मूल प्रवाहमा समाहित गर्न अपरिहार्य भएको विचार व्यक्त भारतका प्रधानमन्त्रीले दिगो विकासका लक्ष्य प्राप्तिमा भएका प्रगतिबारे जी २० शिखर सम्मेलनमा समीक्षा हुने र लक्ष्यहरूको अक्षरस: कार्यान्वयनका लागि कार्यदिशा निर्धारण गर्ने बताएका छन् ।

जलवायु अनुकूलन कार्य, जलवायु वित्त तथा प्रविधि हस्तान्तरण, हरित हाइड्रोजनका लागि पारिस्थितिकीय प्रणालीको निर्माण, जलवायु परिवर्तनका प्रभावका कारण खाद्य तथा पोषण सुरक्षाको सुनिश्चितता, राष्ट्र-राष्ट्रबीचको राजनीतिक विभाजन र अवरोध हटाउने र सहकार्य र साझेदारी प्रवर्द्धन गर्न जी २० को अध्यक्षका नाताले भारत प्रतिबद्ध रहेको प्रधानमन्त्री मोदीले उल्लेख गरेका छन् ।

शनिबार प्रारम्भ भइ आइतबार सम्पन्न हुने जी २० बैठकमा विश्वका अधिकांश राष्ट्रका एक लाख प्रतिनिधिले भाग लिने बताइएको छ । अध्यक्षका रुपमा भारतले वर्षभरिमा जी २० सँग सम्बन्धित दुई सय वटा बैठक देशका विभिन्न ६० शहरमा आयोजना गर्ने घोषणा गरेको छ ।


## यूएईमा रोजगारको अवसर

कम्पनी : WADI ALFURSAN HOSPITALITY SERVICES
शहर : DOHA

पूर्व स्वीकृत मितिः २०८०/०५/२१ चलानी नं.: ६०२०७३२८ LT. No.: 291954

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Commercial Sales Representative | 0 | 4 | सम्बन्धित काममा दक्ष | 1800 | ६५०५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Commercial Sales Representative(Male) | 2 | 0 | | 2000 | ७२२८० | | | | | | | |
| 3. | Food & Beverage Manager | 1 | 0 | | 3000 | १०८४२० | | | | | | | |
| 4. | Restaurant Supervisor | 2 | 0 | | 2200 | ७९५०८ | | | | | | | |
| 5. | Retail Manager | 2 | 0 | | 3000 | १०८४२० | | | | | | | |
| 6. | Sales Supervisor | 2 | 0 | | 2500 | ९०३५० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० भदौ २९ गते (15 September 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदारले ब्यहोर्ने | रु. ७००/– कामदारले दाताले | रु. १,५००/– कामदारले दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सुग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसुग राख्नुहोला । ५. काममा विदेश जाद्दा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नुहोला ।

Koperasi International Pvt. Ltd.
श्रम इजाजत नं. १२८७/०७४/०७५
Tokha-9, Gongabu, (Shiva Mandir), Kathmandu, Tell.: 01-5912411
Mob: 9851023473, Email: sarojoli208@gmail.com

## मलेसियामा रोजगार

कम्पनी : SETIAFOOD ASIA SDN BHD
शहरः Malaysia,PETALING JAYA

पुर्व स्वीकृत मितिः २०७९/०४/२४ चलानी नं.: ६०१८४९८४ LT. No.: 269129 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Service Sector | 75 | 0 | स. काममा दक्ष | 1500 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० भदौ २९ गते (15 September 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | नि: शुल्क |

